कीर्तिपुरको चित्रण

कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष २ अंक ६७ ने. सं. ११३२ कौलागा त्रयोदशी सोमवा: २०६९ कार्तिक २७ गते सोमवार (Nov - 12, 2012) मुल्य : ५/- (न्यातका)

प्रचण्डले कीर्तिपुरवासीसामु माफि मागे

'विपक्षी दलको आन्दोलनमा नजान आह्वान'

कीर्तिपुर सन्देश /

संघीय गणतन्त्र नेपालका प्रथम निर्वाचित प्रधानमन्त्री, एकीकृत नेकपा माओवादीका अध्यक्ष एवं संविधानसभामा कीर्तिपुर क्षेत्रवाट अत्याधिक मत ल्याई निर्वाचित हुनु भएका पुष्पकमल दाहाल प्रचण्डले कीर्तिपुरवासी सामु सार्वजनिक रुपमा क्षमा मागे ।

कीर्तिपुर लाय्कूमा गत शनिवार भएको समारोहमा सम्वोधन गर्दै उहाँले भने "साढे चार वर्ष पहिले कीर्तिपुरको एक सभामा कीर्तिपुरवासीले झाडु र कलम उपहार दिएको मैले बिर्सेको छैन ।" प्रचण्डले त्यस सन्दर्भमा भ्रष्टाचारलाई निर्मूल गर्न झाडु र संविधान लेख्न कलम उपहार दिनु भएको थानेको कुरा बताउँदै समयमा संविधान बनाउन नसकेकोमा कीर्तिपुरवासीसँग क्षमा पनि माग्नु भयो । संविधान बन्न नसक्नुका मूल कारण आदिवासी, जनजाती, मुश्लिम, मधेशी र उत्पीडनमा परेका जनताको पहिचान सहितको संघियता दिन नचाहनेहरूको कारण संविधान नआएको बताउनु भयो ।

नेपाली कांग्रेस, एमाले लगायत १५ वटा विपक्षी पार्टीहरूले सरकार विरुद्ध मंसीर २ गते देखि गर्ने भनी घोषणा गरेको आन्दोलन प्रतिगमन तर्फको कदम भएको समेत बताउदै उहाँले सो आन्दोलनमा नलाग्न कीर्तिपुरवासीलाई घुमाउरो पारामा आह्वान समेत गरे ।

एनेकपा माओवादीका अध्यक्ष प्रचण्डले गत कार्तिक २५ गते कीर्तिपुर नगरपालिका वडा नं. १ दरवार क्षेत्र अर्थात लाय्कू टोलमा स्थापित किपू नेवाः सांस्कृतिक संग्रहालयको उद्घाटन तथा एनेकपा माओवादी काठमाडौं क्षेत्र नं.१० द्वारा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा प्रमुख अतिथिको आशन बाट बोल्नु भएको हो । विपक्षी दलहरूले चुनाव गर्ने संभावना नभएको बताउदै चुनावका लागि वर्तमान सरकारलाई नै राष्ट्रिय सरकार गठन गर्नुपर्ने कुरामा जोड दिदै प्रधानमन्त्री बाहेक अन्य जुनसुकै मन्त्रालय पनि विपक्षी दललाई दिन आफुहरू तयार रहेको समेत बताउनु भएको थियो । नेवाः सांस्कृतिक प्रतिस्ठानका अध्यक्ष एवं पूर्व सभासद् दिलिप महर्जनको सभापतित्वमा सुनिता शाक्य र नविन महर्जनले संचालन गर्नु भएको सो कार्यक्रममा प्रचण्ड र पूर्व राज्यमन्त्री दिलिप महर्जनको सभासद् कोषबाट आएको रकम मध्ये ४ लाख बराबरको सांस्कृतिक बाजा पनि परम्परागत टोलका सांस्कृतिक समूहहरूलाई वितरण गरेको थियो । यस अघि नै अन्य स्थानका सांस्कृतिक समूहहरूलाई बाजा वितरण गरिसकेको अवस्थामा यस पटक भने कीर्तिपुर नगरपालिका वडा नं. १ देखि ६ सम्म, नगाउँ र भाजंगलका सांस्कृतिक समूह दाफा खलक, भजन मण्डल लगायत गरि जम्मा २२ वटा समूहलाई विभिन्न बाजा वितरण गरिएको थियो । नेवाः सांस्कृतिक प्रतिष्ठानले स्थापना गरको नेवाः सास्कृतिक संग्रहालयमा कीर्तिपुरका नेवार समुदायसंग सम्वन्धित बाजा मात्र नभई उपत्यकाका नेवार समुदायसंग पनि सम्वन्धित बाजाहरू राखिएको छ । अहिलेका लागि धिमे, खिं, पछिमा, नाय्खिं, नगरा, दह, तःगः धिमे, चीग्वः धिमे, धोलक, धाः, बासुरी, म्याय्लि, बय्चा, गुजरती, कहां, प्वंगा, दबदब, गं, लगायत सम्पूर्ण बाजा सो म्युजियममा राखिएको छ । पछि नेवाः संस्कृतिसंग सम्वन्धित अन्य सामानपनि संग्रहालयमा राखिने पनि आयोजकहरूले बताएका छन् । पर्यटकहरूलाई आकर्षण केन्द्रको रुपमा स्थापना गर्ने लक्ष्य लिएको सो म्युजियम नेपालको राष्ट्रिय संवत नेपाल संवत् ११३३ नयाँ बर्षबाट टिकट लिई मात्र अवलोकन गर्न पाउने व्यवस्था गर्न लागेको थाहा भएको छ ।

एकीकृत नेकपा (माओवादी) काठमाण्डौं जिल्ला निर्वाचन क्षेत्र नं. १० ले नेपाल संवत् ११३३ नयाँ बर्षको उपलक्ष्यमा चियापान तथा शुभकामना आदान प्रदान समेत गरिएको सो कार्यक्रममा विविध सांस्कृतिक कार्यक्रम पनि प्रस्तूत गरिएको थियो ।

दसैंतिहार-दर्शनको उपहारैउपहार

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण ग्राहक वर्ग, शेयर धनी महानुभावहरू, सदस्यहरू तथा शुभ चिन्तकहरूमा दीर्घायु, सु-स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

दर्शन मोविकेयर प्रा.लि.
दर्शन वचत तथा ऋण सहकारी संस्था लि.
मोविल्याण्ड इलेक्ट्रोनिक्स प्रा.लि.
इ-टेक मोवाइल प्रा.लि.
मोविल्याण्ड इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.
ग्लोवेक्स कमोडिटी एण्ड सर्भिसेस कम्पनी प्रा.लि.

दिनेश दर्शनाधिकारी
अध्यक्ष

कीर्तिपुर बैद्य पसल

शुभ दिपावली तथा नयाँ बर्षको शुभकामना

शुभ दिपावली तथा नेपाल संवत् ११३३ नयाँ बर्षको सुखद उपलक्ष्यमा समस्त ग्रहाकवर्गहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

हामीकाहां सम्पूर्ण पूजा सामग्रीहरु, गरम मसला, ड्राइ फुडहरु, जडिबुटी र आयुर्वेदिक औषधिहरु साथै सुत्केरी मसला पनि पाइन्छ ।

नोटः लपेस(लप्ति), दोना, टपरी साथै सालको पात पनि पाइन्छ ।

तिहारको आकर्षण भाई मसला तथा सम्पूर्ण पूजा सामग्री

पाँगा दोबाटो नयाँबजार, कीर्तिपुर (इमेजस्टुडियो पछाडि
फोन ०१४३३४९२६,मोबाइल ९८१३९३१२२६, ९८४५४५९०७७

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७,
९८४१४०१०७७
kirtipur_sandesh@live.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ □२०६७□०६८

सम्पादकीय

संवत् सम्वन्धि राष्ट्रिय नीतिया आवश्यकता

नेपाःया मौलिक संवत् नेपाल संवत्। नेपाःया राष्ट्रियतां जायाच्वंगु नापं विश्वया न्ह्यःने न्ह्यळवये बहःगु संवत् नेपाल संवत् हे खः।

नेपाःमि शंखधरं पलिस्था याःगु नेपाल संवत्यात नेपाल सरकारं राष्ट्रिय संवत धकाः घोषणा याये धुंकूगु दु। नेपाल संवत्यात राष्ट्रिय संवत धकाः घोषणा याये धुंकूगु जूसां नं आःया सरकारं नेपाल संवत्यात व्यवहारिक रुपं प्रयोग याःगु खने मदुनि। उकिं नेपाल संवत्यात व्यवहारिक रुपं राज्यं प्रयोग यायेमाल धकाः नेपाल संवतया आन्दोलनकारीतय्सं माग यानाः वयाच्वंगु दु।

न्हापा नेपाल संवत्यात राष्ट्रिय मान्यता बिइमाः धकाः माग यानाः नेवाःतय्सं आन्दोलन याःगु खः। थ्यंमथ्यं स्वंगू दशक तक लगातार रुपं आन्दोलन याःगुलिं राज्यं नेपाल संवत्या प्रवर्त्तक शंखधरयात राष्ट्रिय विभूति घोषणा यायेत अले नेपाल संवत्यात राष्ट्रिय संवत् धकाः घोषणा यायेत बाध्य जूगु दु। बास्तवय् आःया अवस्थाय् नेपाल संवत् जक नेपाःया राष्ट्रिय संवत् खःसा विक्रम संवत् राष्ट्रिय संवत् मखयां नं सरकारं धाःसा छ्यलाबुलाय् ह्याच्वंगु दु।

न्हापांनिसें विक्रम संवत्यात छ्यलाबुलाय् राज्यं ह्याच्वंगु थासय् आः नेपाल संवत्यात छ्यलाबुलाय् ह्ये मफयाच्वंगुया मूल कारण धैगु नेपालय् संवत् सम्वन्धि राष्ट्रिय नीति हे मदया धकाः धायेछिं। संवत् सम्वन्धि यदि राष्ट्रिय नीति दुगु जूसा व हे राष्ट्रिय नीति कथं न्ह्याः वनेमालीगु अवस्था खः। तर आः सरकार नं थुगु खँय् अलमल जुयाच्वंगु अवस्था दु। उकिं थौंया इलय् नेपाल संवत्या आन्दोलनकर्तातय्सं संवत् सम्वन्धि सरकारं राष्ट्रिय नीति हे दयेकेमाः धकाः माग यायेमाःगु अवस्था वःगु दु। थुगु खँय् सम्वन्धित मनूतय्सं थुइकाः न्ह्याः वनेमाःगु अवस्था वःगु दु।

शंखधर, नेपाल सम्वत व उकिया छ्यला – छगू टिप्पणी

काशीनाथ तमोट

१. शंखधर

१.१. शंखधरयात भाषा वंशावली 'महाजन' धयातःगु दु। महाजन धैगु साहु खः। साहु लिच्छविकालय् प्रचलित 'सार्थवाह' (तापालय् बन्यज्या याइम्ह नायः) पाखें ब्वलंगु खः। शंखधर लिच्छविकालयमा छम्ह सार्थवाह खः। सार्थवाह प्रभुसंघं शसं ४०२ (ई.४८०) स ग्वलय् प्रभुकेश्वर शिवलिङ्ग स्वन। सार्थवाह गुहमित्रं तेबहालय् शसं ४०२ (ई.४८०) स हे इन्द्रनाम सूर्य मूर्ति स्वन। शंखधरं धाःसा अबलेया जुजु राघवदेवया उजं कयाः नेपालमण्डलया अबलेया राजधानी ग्वल(नरःया जनताया त्यासा पुलाबियाः पशुपतियात देछानाः न्हूगु संवत स्वन। थ्व खू सँदेय्या तन्जूर ग्रन्थय् च्वयातःगु भिक्षु गेल्सन पाल्से (श्रीसेन)या चय्म्ह सिद्धतय् जीवनकाल च्वखँय् लिउने नेपाल (बाल्पोइ(युल) य् ऋणमोचन (बुलोन्(खोर्(नाम्स) यागु २५१/२९१ दँ थ्यंबले च्वयागु खः धाःगुलिं सीदत।

१.२ शंखधरया खास नां 'पशुपतिदेश'य् च्वंम्ह शिवभक्त कृष्णदेवं थः काय् गंगाधरयात च्वयाब्यूगु वासिष्ट(लैङ्ग(उपपुराणय् वल। उकी च्वःगु मिति बियातल ('सम्वत् शङ्कुदत्तके सप्तशते षट्षट्यधिके' (शङ्कुदत्त संवत् न्हय्सलय् खुइखु इलय्(। शङ्कुदत्त खास नां खनि।

१.३ शङ्कुदत्त नांया 'दत्त' खग्वलं व छम्ह वैश्य धैगु सीदत। संस्कृतय् धापु दु (शर्मा देवश्च विप्रस्य/वर्मा त्राता त भूभुजः। भूतिर्दत्तश्च वैशस्य/ दास शूद्रस्य कारयेत्।

१.४ शङ्कुदत्तया 'शङ्कु' ब्वलनाः ख्वप जेलत्वाःया नेसं ८२७या अभिलेखय् 'शङ्ख्वा संवत्' खनेदत। पूरा नां मेकथं ब्वलंगु श्रीपति भट्टया ज्योतिष ग्रन्थ रत्नमालाया टीका उत्पल भट्टं च्वःगुली 'श्रीशंखधराब्दे' (श्री शंखधर संवतय्) ८३० स खनेदत। नेसं ८६४या जातकपरिपाटिप्रबन्धय् 'नेपालिके शंखधराब्द संवत्' च्वयातल। शंखधरया मेगु नां शङ्कुदत्तया विकसित नां शङ्खधर नेसं.८३० निसें अभिलेखय् निरन्तर छयलावयाच्वंगु दु।

२. नेपालसंवत्

२.१. अयनांशया खँ मदुगु नेपालमण्डलय् च्वःगु ब्रिटीश म्युजियमय् थ्यंगु ने.सं.४७६ स ल्हयःगु सुमतितन्त्रय् कलि (२०००), नन्द (८००), चन्द्रगुप्त (१३२), शुद्रक (२४७), शक (४९८) संवत् धुंकाः 'मानदेवाब्द' ३०४ दँ न्हयाइ धयातःगु दु। उकिं थ्व अयनांश गणना दुगु मुञ्जालया लघुमानसकरण (नेसं.४२) स्वयां न्हयो ने.सं. शुरु जुइ धुंकाः च्वःगु खनेदत। नां मकासे राष्ट्रिय अभिलेखालय (लगत १(१६४७ या लङ्कावतार (लङ्का थ्यंगु वासः) चिकित्सा ग्रन्थय् दक्वसिबय् न्हापां 'सम्वत २०(+)८ कार्तिक कृष्णदिवाष्टम्याम्' छयलातःगु दु। कलकत्ताया छम्ह व्यक्तिया संकलनय् दुगु ने.सं.१४८ या अष्टसाहस्रिका प्रज्ञापारमिताय् दक्वसिवय् न्हापां 'नेपालवत्सर' नां खनेदत।

२.२. मध्यकालय् चीन, भोट, नेपालया नेपालमण्डल, खसदेश (खसान), तिरहुत व भारतया काशी, कूचविहार, तेलङ्ग, उत्कल, गुजरात, कमता आदि ब्यागलं ब्यागलं देश खः। नेपालमण्लं (मध्यमाञ्चल पहाडी प्रदेशं) पिने नेपालसंवत् छयलधाःसा व अन्तर्राष्ट्रिय प्रयोग जुल।

दक्वसिबय् न्हापां नेपालमण्डलं पिने नेपालसंवत् काशी, वाराणशी (उत्तरप्रदेश, भारत) पद्मनाभ उपाध्यायं च्वःगु पृतकर्ममहार्णव (पद्मनाभसंग्रह)य् छ्यल। उगु नागरीलिपिया सफू भक्तपुर (ख्वप)या सुं (अमुक) भारोया खः व थौं कन्हय् राष्ट्रिय अभिलेखालय (३(३६०)स दु। 'नयपालदेशीयाभिलिख्यमान सम्वत् ३६६" व नेपाःया अबलेया जुजु अभय मल्लया नां न्हयथनातःगु दु। नेसंयात "नेपालदेशया च्वय्गु याःगु संवत्" धयातल।

थ्वयांलि खसदेशय् सेञ्जापुरी जुजु पृथ्वी मल्लं सःता वंम्ह बौद्ध आचार्य राजब्रम्हश्रीया लँक्यनाय् देवनागरी लिपिं प्रभुनाभं ल्हयःगु शतसाहस्रिका प्रज्ञापार मिताय् छ्यल। थ्व जुजु पृथ्वी मल्लया नजरानां शाक्यभिक्षु(बज्राचार्य राजब्रम्हर्श्री ब्यागलं च्वकाः नेसं ४७६ स इतुंबहालय् छाःगु खः। उकी नेपालभाषां "कृतसंवच्छल मसियाव नेपालसंवच्छलन पिकास्यं तया जुरो" धयातःगु दु।

काशी व खसदेशय् धुंकाः चीनया मिङ वंशी बादशाह तायि मिङं नेपालमण्डल भ्वँतया शक्तिशाली महाथ शक्तिसिंहर ामया नामय् संस्कृतं रञ्जनालिपिं छवयाहःगु परवाना पती "महानीनाब्द" धकाः नेसं५३५ आषाढ शुक्ल दशमी (युङलो १४, महिना ५, जेन(जू= जून १६,१४१५) छयलातःगु दु।

थ्वयांलिउ भूटानया क्वसंलाःगु कूचविहार (पश्चिम बङ्गाल, भारत)या जुजु प्राणनारायणं थःगु लुँया मुद्राय् "शाके ७५३" धकाः नेपालसंवत् दक्वसिवय् न्हापां मुद्रा (ध्यबा)य् छ्यल। नेपालमण्डल(कूचविहार या इहिपाया स्वापूया लुमंति चिं थुगु मुद्रा पिकाःम्ह जुजु प्रताप मल्लया ससः दाजु खः।

थ्व सकसिनं स्यूगु हे खँ खः। शाह जुजु प्रतापसिंह व संदेय्या धर्मशासक ग्यालछाप रिंपोछे लामाया दथुइ जूगु धर्मपत्र (सन्धिपत्र) ने.सं ८९५ जक छ्यलाः नेपालभाषां जूगु खः।

३. व्यबहारय् छ्यला

३.१ इतिहास(शिरोमणि बाबुराम आचार्य ई.१९६५ पाखे प्रस्ताव याःथें सरकारयात अन्तर्राष्ट्रिय संवत् छ्ययके बीत दबाब बीगु। सरकारं कामकाजया निंतिं अन्तराष्ट्रिय संवत् छ्यल धाःसा नेपालय् छ्यलीगु दक्व जातजातिया संवत् समान स्तर या जुइ। थःथःगु संवत् (ने.सं., विसं, लसं, ल्होसार) छ्यलावं वनेगु, उकी मध्ये सांस्कृतिक रष्ट्रिय संवत् नेपालसंवत्यात नालाः चान्द्रमान संवत छ्यलेगु।

३.२ महिनाया नां द्विभाषी पर्याय संस्कृत(नेपालभाषा नितां छ्यलेगु, गथे(कार्तिक/कछला, मार्ग/थिंला, पौष/पोहेला, माघ/सिला, फाल्गुण/चिल्ला, चैत्र/चौला, बैशाख/ बछला, ज्येष्ठ/तछला, आषाढ/दिल्ला, श्रावण/गुंला, भाद्र/यंला व आश्विन/कौला। अथेहे पक्ष(शुक्ल/थ्व, कृष्ण/गा, छ्यलेगु। थ्व सर्वसाधारणयात सुसूचित याय्त नेसं(विसं/विसं(नेसं रुपान्तर तालिका व्यापक रुपं प्रचार याय्गु।

३.३ अन्तराष्ट्रिय संवत् अप्पो वैज्ञानिक जूगु व ऋतुनाप ज्वःलाःगुलिं छ्यलेमाःगु खः। नेपाल सरकारं विसं२०२२/२३ आर्थिक वर्षया शुरु ई. १९६५ जुलाई १६ निसें पुलांगु माना(पाथी, पाउ(सेर, इञ्च(फीट, आदिया थासय् मेट्रिक प्रणाली छ्यल। रोमया पोप ग्रेगोरीं (१३ म्हम्ह) ई.१५८२ अक्टोवर ५ यात १५ दय्काः क्याथोलिक धर्मय् छ्यःगु ईश्वीसंवत् बेलायती सरकारं १७० दँ लिपा ई. १७५२ स जक छ्यल। आः विश्व न्यंक छ्यल। भारत, चीनं न्हापा हे छ्यले धुंकल, आ नेपालं छ्यले ल्यं दनि

नेपाःया छगू जक राष्ट्रिय संवत् नेपाल संवतया महत्व

विश्वय् गुलि नं संवत्त दु व फुक्क धैथें धर्म वा राजा महाराजाया नामय् पलिस्था यानातःगु संवत् खःसा देय्या नामं पलिस्था यानातःगु छगू जक संवत् नेपाल संवत् खः। नेपाःया छम्ह जनतां पलिस्था याःगु नेपाल संवत धैगु नेपाः देय्या नामं पलिस्था यानातःगु नेपाल संवत् खः। नेपाल संवत् म्हपुजाया भिं दिनय् लाकाः पलिस्था याःगु खः।

थुगु संवत्यात राष्ट्रिय भावनां पिब्वयाच्वंगु संवत खः। चन्द्रमास कथं म्हपुजा खुन्हु न्हूदँ हनीगु नेपाल संवत्या आन्दोलन नेवाःतय्सं थनि स्वंगू दशकसिबें न्ह्यःनिसें निरन्तर रुपं यानाः वयाच्वंगु खः। नेपाल संवत्या आन्दोलन येँय् जक मखु किपुलिइ नं लगातार रुपं यानाः वयाच्वंगु खः।

नेपाल संवतया उगु आन्दोलनया बलं सरकारं नेपाल संवत्या प्रवर्त्तक शंखधरयात राष्ट्रिय विभूति धकाः घोषणा याःगु खः। अनं लिपा नं निरन्तर रुपं नेपाल संवत्या आन्दोलनयात न्हयाकावनाच्वंगु खःसा अन्ततः २०६२/०६३ सालया शान्तिपूर्ण जनत्रान्ति लिपा हे सरकारं नेपाल संवत्यात राष्ट्रिय संवत धकाः घोषणा याःगु खः। नेपाःया छगू जक राष्ट्रिय संवत नेपाल संवत खःसा सरकारं थःपिनिगु न्हिया न्हिथंया ज्याय् धाःसा विक्रम संवतयात प्रयोग यानाः वयाच्वंगु दु। नेपाःया मौलिक नापं राष्ट्रियताया भावना पिब्वःगु संवतयात त्वःताः विक्रम संवतयात नालाच्वंगु धैगु नेपाःया राष्ट्रियताया सावालय् तकं नीति निमार्ण याइपिं माःगु कथं न्ह्याः वनाच्वंगु मदुगुलिं हे खः धकाः स्पष्ट रुपं धायेफैगु अवस्था दु।

उकिं राष्ट्रिय भावना पिब्वयाच्वंगु नेपाल संवत नाप स्वानाच्वंगु चन्द्रमास अर्थात दिन गणनायात गुलि फु उलि बैज्ञानिक यानाः याकनं हे राज्यं प्रयोग यायेमाःगु अवस्था दु।

नेपाल संवत् धैगु नेवाःतय्गु जक संवत मखु नेपाःया मौलिक नापं नेपाःया राष्ट्रियता नाप नं स्वनाच्वंगु संवत खः धकाः थुइकेमाःगु थौंया आवश्यकता जुयाबिउगु दु। अले न्हूदँया आन्दोलन अर्थात नेपाल संवतया आन्दोलनकारीतय्सं नं नेपाल संवत्यात प्रयोग याकेगुलिइ हे विशेष कथंया बःबियाः न्ह्याः वनेमाःगु अवस्था वःगु दु। नापं थःपिन्सं नं न्हिया न्हिथंया जीवनय् प्रयोग यायेमाः धकाः नं थुइकेमाः।

नेपाल सम्वतको तिथी, ताः र दिन

–लव लाल प्रधान–

मिति, नेपाल सम्बत अनुसार ला र तिथीमा चलेको थियो, बिक्रम सम्बत अनुसार अहिले गते र महिनामा चलेको छ र मन्थ र तारिखमा बदल्ने स्वभावमा अहिले चलिराखेको छ, अब आफ्नो देशमा हुर्केको ला, तिथी र ताःको प्रयोग गरी फेरी प्रयोग गर्न सकिने छ।

मानब सभ्यताको बिकास सँगै ज्योतिषशास्त्रको पहिलो खुडकिला को रुपमा उज्यालो हुने बेला, सूर्यको किरण भएको बेला अथवा सूर्योदय बेलादेखि विहान, दिउँसो,बेलुका र राति गरी दिन भन्ने परिभाषा दिए। तर धेरै बर्ष पछि बैज्ञानिकहरूले केही बिशेषताको आधारमा रातिको बाऱ्ह बजेदेखि बार, तारिख बदल्ने चलन शुरु गरे। त्यसैले ज्योतिष शास्त्रको दिनको परिभाषा र बैज्ञानिकहरूको परिभाषासित मेल खाँदैन।

देबै प्रथा अहिलेसम्म चलिरखेका छन, ज्योतिष शास्त्र अनुसार सूर्योदय बेला दिन, बार फेरिने नै भइराखेको नबिर्सनु होला। त्यसै अनुसार ज्योतिषशास्त्र अनुसार महिनाको शुरुवात औंसी अथबा पुर्णिमाको भोलिपल्ट सूर्योदय बेला प्रतिपदा भएदेखि बदल्ने प्रथा छ। साथै सूर्योदय बेला नै त्यही र राशीमा फर्कने बेला नयाँ बर्षको शुरुवात पनि मानिन्छ।

ज्योतिषशास्त्र बिहान सूर्योदय समयलाई ० घडी मान्दछ, यसको घडीलाई ईष्ट घडी भनिन्छ, र ६० घडीको एक दिन हुन्छ, र ६० पलाको एक घडी हुन्छ। धेर ै पछिको कुरा हो, बैज्ञानिकहरूले पृथ्वीको कुनै स्थान सूर्य पृथ्वीको केन्द्र जोडेको रेखामा सूर्यको पछाडि हुने बेला लाई ० घण्टा मान्दछ, र अगाडि परेको बेला मेरिदियन याने १२ बजे दिउँसो मानेर २४ घण्टाको एक दिन गर्ने नियम बनाए। त्यसैले बैज्ञानिकहरूले अपनाउँने घण्टा र ज्योतिष शास्त्रले अपनाउँने घडीमा पनि फरक छ। यस प्रकारले ज्योतिषशास्त्रले सूर्योदय समयलाई ठुलो महत्व दिएको छ। बिक्रम सम्बतमा गते, ईस्वी सम्बतमा तारिख दिन तोकिन प्रयोग गर्दछ। त्यही तोकिएको दिनमा के कस्तो घटना भयो भनेर तथ्याकं बनाउँछौ। संसार भरी ३६५ दिनको एक बर्ष भनी बार्षिक तथ्यांक बनाउँछौ। तर नेपाल सम्बतको तिथी नै गते, तारिखको रुपमा प्रयोग गरिन्छ। तथ्याकंलाई कुनै बस्तु ठोस, अचल हुनु पऱ्यो, तब त स्टानडर्ड तथ्याकं कहलिन्छ। यस्को आधार मा अनेकौं योजना बनाउँछन। यदी तथ्याकं स्टायनडर्ड भएन भने कुनै योजना पुर्ण सफल हुँदैन। नेपाल सम्बतमा तिथी नै दिनको रुपमा लिने हुँदा, तिथी टुट हुँदा र तिथी दोहोरिदा गते नै हराउँने अथवा बढता हुने हुँदा तथ्यांक र ाख्न सकिदैन। त्यस माथि ३५४ दिनको एक बर्ष हुने हुँदा बार्षिक तथ्यांक कतै अरू सित तुलना गर्नु नै नमिल्दो हुने गर्दछ। त्यसैले दिन, महिना, बर्ष सबै तोकिएको अथवा अचल वस्तुमा आधारित हुनु पऱ्यो। त्यसैले पनि नेपाल सम्बतमा पनि ३६५ दिनको एक बर्ष हुने गरी, अचल गरेर गते, तारिख जस्तै ताः को प्रयोग गर्नु पऱ्यो। त्यस भन्दा पहिला तिथी भनेको के हो तिर लागुँ। कसरी तिथी बढछ, घट्छ, ३५४ दिनको एक बर्ष हुँन्छ तिर बिचार गरौं। चन्द्रमाले पृथ्वीलाई २७ दिनमा परिक्रमा गर्दछ। त्यसैले ताराहरूलाई २७ बराबर कोणमा बाँडेर २७ नक्षत्र बनाईए। अस्विनी नक्षत्रबाट गन्न शुरु गर्दछ। त्यसै प्रकारले हरेक नक्षत्रलाई चार पाउँमा बिभाजित गरे। जम्मा १०८ पाउ भयो। अस्विनी नक्षत्रबाट शुरु गरी, ९ पाउको एक राशी बनाई जम्मा १२ राशी बनाईयो। कुनै पांग्रा घुमी राख्दा, कति चक्का घुम्यो कसरी थाहा पाउँने? अचल हेरी राख्ने मानिस चाहियो, पांग्राको एक बिन्दुमा रातो चिन्ह राख्नु पऱ्यो, र बाहिर कुनै एक अचल बस्तुमा पनि चिन्ह राख्नु पऱ्यो, तब गन्न सम्भव हुन्छ। त्यसै गरी चन्द्रमाले पृथ्वीलाई कति चक्का घुम्यो कसरी थाहा पाउँने ? हेर्ने मानिस नै हुनेछ, तर पृथ्वीको कुन ठाउँबाट हेरेको थाहा पाउँन अक्षांश र देशान्तर जस्तो कोणिक आक्सीस प्रयोग गरिन्छ। घुम्ने त चन्द्रमा नै ठहऱ्यो, तर चन्द्रमामा कसरी कहाँ चिन्न राख्ने? बाहिरी अचल बस्तुको रुपमा, तार ाहरू धेरै टाढा भएकोले अचल मानिन्छ। त्यसैले कुनै राशीनै बाहिरी चिन्ह ठहरिन्छ। तर चन्द्रमामा कसरी चिन्ह राख्ने भन्दा औंसी र पुर्णिमा नै प्रष्ट देखिन सक्ने भएकोले यी दुईमा एक र ोजियो, नेपाल सम्बतले औंसी र ोज्यो भने, बिक्रम सम्बतले पुर्णिमा रोज्यो। सूर्य र पृथ्वीको केन्द्र बिन्दु जोड्ने रेखामा चन्द्रमा सूर्य र पृथ्वीको बीचमा आयो भने औंसी हुन्छ। पृथ्वीको पछाडिको बिन्दुमा आयो भने पुर्णिमा हुन्छ। चन्द्रमा सो बिन्दुमा पस्ने सूर्योदय समयमा सधैं पर्दैन, बिहान, दिउँसो,बेलुका, राति जुनसुकै बेला हुनसक्छ। औंसीबाट पुर्णिमा र पुर्णिमाबाट औंसी १५-१५ बराबर कोणमा बाँडेर तिथी भन्ने नामाकरण गरे। जुनसुकै तिथी, सो तिथीमा पस्दा बिहान, दिउँसो, बेलुका, राति हुन सक्छ, सूर्योदय बेला पर्दैन, बिरलै मात्र पर्न पनि सक्छ। त्यसैले पात्रोमा सूर्योदय समयदेखी कति घडी पलासम्म सो तिथी बाकी भएको लेखेको हुन्छ।

नेपाल सम्बत प्रयोग गर्दा ३६५ दिनको एक बर्ष हुन्छ भन्ने प्रयोग नेपालमा भएको थिएन, अथवा हावा लागेको थिएन। त्यसैले ताः को प्रयोग भएन, तिथी नै ताः को रुपमा चलेको थियो। त्यसैले सूर्योदय बेला, शुरुवातको चिन्हको रुपमा, तिथीको दिन भन्दथ्यो, जस्तै पञ्चमीको दिन, एकादशीको दिन, पुर्णिमाको दिन। त्यसैकारण कहिले काहीं सूर्योदय बेला सो तिथी नपर्ने बेला सो तिथीको टुट भनिन्छ ,दिन नै लोप हुँन्छ। यदी एउटै तिथी दुई दिन लगातार सूर्योदय बेला पर्दा दिन बढछ।

३६५ दिनको एक बर्ष मान्नु भन्दा धेरै अगाडि एक औंसीबाट अर्को औंसी हुनुलाई एक चन्द्रमास भन्थे, अहिलेसम्म भनिन्छ। सोही अनुसार १२ औंसीलाई एक बर्ष मान्दथ्यो र अहिलेसम्म लुनार क्यालेण्डरमा यस्तै मानिन्छ, र ३५४ दिनको एक बर्ष मानिन्छ। तर ३६५ दिनमा पृथ्वीले सूर्यलाई घुम्छ भन्ने आएपछि सो मिलाउँन तीन बर्षमा एक चोटी अर्को एक महिना थप हुन्छ, जस्लाई अनला महिना अथवा पुरुषोतम महिना भनिन्छ। बिक्रम सम्बत पनि लुनार क्यालेण्डरको रुपमा थियो होला। तर २०६९ बर्षभन्दा अगाडि सूर्यलाई पृथ्वीले परिक्रमा गरेको पत्ता लगाउँना साथ, बिक्रम सम्बत ले सौर्य प्रणाली भनी ३६५ दिन मिलाउँन, सूर्यले मेष राशीमा सूर्योदय बेला पसेको दिनलाई बैशाख १ गते र सूर्य मेष र ाशीमा भएसम्म बैशाख महिना हुन चलन आयो। लुनार क्यालेण्डर चाहि पुर्णिमा पछाडिको प्रतिपदा सूर्योदय बेलामा सूर्य मेष राशीमा छ भने बैशाख कृष्ण पक्ष प्रतिपदा चाहि बैशाखको शुरु माने। त्यसैले सोलारको बैशाख एक गते र लुनार को बैशाख १ प्रतिपदा एकै दिन पर्दैन। यो मात्र होईन गते प्रयोग गरेर लगातार नटुटिने गरी अर्को राशीमा नपसेसम्म एक महिना मानिन्छ। यसरी गर्दा हरेक वर्ष सोही महिनाका दिनहरू २९, ३०, ३१, ३२ फरक फरक हुन सक्ने गरी अपनाए। बिक्रम सम्बतको चलन भारतको कुनै सानो राज्यमा मात्र सिमित थियो। भारतमा पनि फरक-फरक ठाउँमा फर क- फरक अपनाईएकोले, अब ब्यबहारिकताको लागि भारत भरी ईस्वी सम्बत अपनाईयो। खाली सास्कृति, चाडबाड, श्राद्ध जस्तालाई मात्र लुनार क्यालेण्डर अपनाई राखेको छ। कार्यालय प्रयोगमा अब बिक्रम सम्बत प्रयोग गरिदैन। यसैले नेपालमा पनि बिक्रम सम्बत अपनाउँनु कुनै औचित्य छैन।

बाँकी ४ पेजमा

हार्दिक मंगलमय शुभकामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण ग्राहक वर्ग तथा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, सु–स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

सोनिया कलेक्सन

नयाँबजार, कीर्तिपुर फोन ९८४३०३१२३१

हार्दिक मंगलमय शुभकामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, सु–स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

श्रीराम महर्जन

मैनेजिंग डाइरेक्टर

अनक कन्स्ट्रक्सन कं.प्रा.लि. ('क' वर्गको कम्पनी)

रवि भवन काठमाडौं नेपाल

फोन नं. ४२८०७९९, ४२७८१३०

नेपाल सम्वतको तिथी, ताः र दिन

बिज्ञानको बिकाससंगै पश्चिमी सभ्यता बिकास भएको हो। यो राति १२ बजे दिन, गते, बार फेर्नेबाट शुरु भई, पृथ्वीले सूर्यलाई एक चक्कर परिक्रमा गर्ने समयलाई एक बर्ष भनी परिभाषा दिनु र ३६५ दिनको एक बर्ष भनी बिना आधारको तोकिएको महिना राखि ५४ बि सी मा रोमन सम्राट जुलियस सिजरबाट रोमन क्यालेण्डर शुरु गरेको हो। यातायात र दुरसंचारको अभावले पुर्वी बिकाश पश्चिममा नपुग्नुले सूर्यको गति, र चन्द्रमाको गतिको ज्ञान नहुनाले लुनार क्यालेण्डर उनिहरूको मा अपनाएन। तर आकाशलाई १२ भागमा बाँडेर, राशी भनी मानेको १२ महिनाको एक बर्ष गरेको बाट स्पष्ट हुन्छ।

तर युरोप भरी र अमेरिकामा त्यसको सरलताले, तोकिएको दिनको महिनाले, र लुनार क्यालेण्डरको बेवास्ताले फैलियो। यसले टेक्नीकल बिकासमा धेरै मद्दत गऱ्यो।

हरेक मोबाईल, लायपटप, कम्प्युटर र घडीमा अटोमेटिक मिति बदल्नेको रुपमा मात्र नभई, हरेक कम्प्युटरमा तारिखबाट खोल्दा सो दिनमा भएको हरेक घटनाको बिवरण दिन थाल्यो। यसैले यो तारि खले बिज्ञानको बिकासमा धेरै मद्दत दिए। त्यो मात्र नभई, तोकिएको महिना भएकोले स्टाण्डर्ड तथ्यांक भएकोले योजनाबिदहरूलाई ठिक बाटो देखायो र बिकासमा मद्दत पुऱ्यायो। तर फरक-फरक दिनको महिना हुनाले बिक्रम सम्बतले मद्दत गर्न सकेन। त्यो बाहेक बैंकिंग कार्यहरूमा धेरै सरलता ल्यायो र समयको सदुपयोग भयो। त्यस्तै हर ेक बच्चाहरूले कण्ठ गरेर सम्झीराखेको हुन्छ। यी चिजहरू बिक्रम सम्बतमा सम्भब छैन। यसले के बताउँछ भने हरेक कार्यालयहरूमा सोलार क्यालेण्डरले सब काम गरिराखेको हुन्छ, लुनार क्यालेण्डरको आबश्यकता देखाएन।

तर नेपाल सम्बत लागु गर्दा १००० बर्षसम्म कार्यालयहरूमा प्रयोग गरी काम चलाउँदा पनि ,तिथी टुट, तिथी बढने, र ३५४ दिनको एक बर्ष हुने र तेऱ्हौ महिनाको आगमनले सन्तुष्ट नभएको कार ण देखाई, नेपाल सम्बतलाई हटाएर चन्द्र शम्शेरले बिक्रम सम्बत कार्यालयहरूमा प्रयोग गरेको सय बर्ष नै भएको छैन।

नेपाल सम्बत यत्तिको बिकास भएको एक्लो नेपालको सम्बत हो। अरु सम्बतहरूमा महिनाको बिभाजन नभएको र महिनाको नामाकरण पनि भएको देखीदैन। त्यसैले के गरिएमा नेपाल सम्बत आफ्नो देशमा फेरी प्रयोग गर्न सकिन्छ, सकल नेपालीको सोचाई हुनु जरुरी छ।

नेपाल सम्बत लुनार क्यालेण्डर भएको कारण तिथी दिनको रुपमा प्रयोग गर्ने हुँदा, तिथी टुट, बढी हुन आउँने भएकोले सरकारी कार्यालयहरूमा र अरू कार्यालयहरूमा प्रयोग गर्न असुबिधा हुने, टेक्नोलजी बिकासको बाधक हुने भएकोले, यसलाई मद्दत गर्ने सोलार क्यालेण्डर, यसको सिस्टर क्यालेण्डरको रूपमा चल्नु पर्ने आवश्यकता पर्दछ। यो क्यालेण्डरको महिनाको नामहरू नेपाल सम्बतको महिनाकै नामहरू हुनु पर्ने अत्यावश्यक छ।

कछलाथ्व प्रतिपदा अहिलेको न्हुँ दँ र म्हपूजा अक्सर गरेर अक्टोबर १९ देखी नोभेम्बर १६ को बीचमा पर्ने हुँदा, त्यसको बीच अक्टोबर ३० लाई कछला छताः १ताः गर्नु आवश्यक हुन आउँछ। अब पहिलो महिना कछला, मेजर आक्सीस र माईनर आक्सीसमा पर्ने महिना याने दिन सबभन्दा लामो हुने महिना, सबभन्दा छोटो दिन हुने महिना, र दिन रात बराबर हुने महिना क्रमश देला, पोंहेंला, च्वला र कौला ३१ को गर्ने र अरू सबै ३० को गर्दा राम्रो, भौगोलिक जस्तो पनि , सम्झन सजिलो हुने हुँदा यसो गर्नु बेस हुनेछ।

यो अनुसार ताः को रुपमा तल दिईराखेको छ। कछला३१ करुणामयला नोभेम्बर, थिंला ३० सर्गथिगुला दिसेम्बर, पोंहेंला ३१ पौंच्चापुला जनवरी, सिल्ला ३०सितलामाईला फरवरी, चिल्ला ३० चिर स्वायगुला मार्च, च्वला ३१ जामाच्वला अप्रिल, बछला ३० बिक्रमछला मे, तछला ३० तथागतछला जुन, देला ३१ देयागुला जुलाई, गुँला ३० हाकुगुँला अगस्ट, ञँला ३० ञँसिंथनिगुला सेप्टेम्बर , कौला ३१ मोनीला अक्टोबर गते, तारिख जस्तै नेपाल सम्बतको दिनलाई ताः भनिने छ।

बिक्रम सम्बत ईस्वी सम्बतमा परिवर्तन गर्न गाह्रो भएको हुँदा, धेरैले असुबिधा भोगेका छन। त्यसैले नेपाल सम्बतको ताः तारिखमा बदल्न सजिलो होस भनेर यस प्रकार अपनाउँनु आवश्यक छ। सिल्ला फरवरीमा पर्ने हुँदा सिल्लालाई लिप योर महिना गरी एक दिन बढता गर्नुपर्ने जरुरी छ। त्यति मात्र नभै लिप योर दिन त्यही नहुँदा परि बर्तन गर्न अर्को असुबिधा उत्पन्न हुँन आउँछ। यसो नहोस भनेर अक्टोबर ३० लाई कछला एक ताः गरेको खण्डमा फरवरी २९ जहिले पनि सिल्ला ३१ मा पर्न जान्छ। जसले गरेर अरु ताः तारिखमा बदली हुँदैन। यसले गरेर सय बर्षसम्म केही बदल्दैन। यसो भएको अर्को कारण पनि छ, नेपाल सम्बत र ईस्वी सम्बत सिल्ला अथवा फरवरी महिनामा जहिले पनि ४ ले भाग जाने बर्ष एउटै हुन्छ, र सोही बर्षमा लिप योर पर्न जान्छ।

बिक्रम सम्बत अनुसार सूर्य मेष राशीमा पसेको दिनलाई नयाँ वर्ष भनिन्छ, तर आजकाल सो दिन चैत्र ४ गते सरिसकेको छ। यस्तो भएको मुख्य कारण, प्रथम आर्य शिद्धान्त अनुसार एक बर्ष बराबर ३६५। २५८६ दिन हुन आउँछ, जुन धेरै बढता देखिन्छ। त्यस्तै ईस्वी सम्बतमा ३६५। २४२५ दिनको एक बर्ष हुन आउँछ। जस अनुसार १७५२ AD मा ग्रेगोरीले बदले अनुसार ४ ले भाग जाने बर्ष लिप योर हुने, तर १०० ले भाग जाने बर्ष लिप योर नहुने, र ४०० ले भाग जाने बर्ष फेरि लिप योर हुने गर्दछ। 1752AD देखिनै March 21st लाई vernal equinox day, दिन र रात बराबर हुने बसन्त ऋतु दिन लाई मान्दछ। तर त्यो पनि आजकाल मार्च १७ मा सरेको जस्तो छ। यसले पनि अली अली बढता देखिन्छ। योभन्दा कम दिन बर्ष ३६५।२४२४ दिन बर्ष भएमा झन नजदिक जाने छ। सो अनुसार क्यालेण्डरमा यस प्रकार देखाउँन सकिन्छ। तल कछला १ताः को कोठा देखाएको छ। कछला ११३३ कौलागा कार्तिक यस अनुसार कौलागा कार्तिक कृष्णपक्ष प्रतिपदा ४९।४९ ,प्रतिपदा ४९ घडी ४९ पला १ कछला १ ताः १४ ३०कार्तिक १४ अक्टोबर ३०

तिथी जुनसुकै बेला शुरु हुन सक्छ। तर सबैलाई चाडबाड मनाउँन, जन्म दिन मनाउँन र श्राद्ध गर्न समेत तिथीको दिन आबश्यक हुन आउँछ। त्यसैले सूर्योदय बेलाको तिथी लाई दिन भरीको तिथी मान्ने र सोही अनुसार चाडबाड, जन्म दिन र श्राद्ध मनाउँने ज्योतिष शास्त्रको ब्यबहारीकता मान्दथे, र चलन पनि थियो, तर आजकाल दिनको दुई तिथी मानी, बिहानको लागि बिहानको तिथी, दिउँसोको लागि दिउँसोको तिथी , रातिको लागि रातिको तिथी अपनाउँन थाले। यसो गर्नु लुनार क्यालेण्डरको नियम, सूर्योदय बेलाको तिथी, नै तिथी दिन मान्ने नियम बिरुद्ध गयो, अब के को लागि लुनार क्यालेण्डर प्रयोग गर्ने? क्यालेण्डरमा चतुर्दशी लेख्छ, तर फागु पुर्णिमाको बिदा दिन्छ।

ठोस नभएको (variable) चिजमा भरोसा नगर्नु, ठोस नभएको चिजको आडमा बढन नखोज्नु नै बेस हुन्छ। तोकिएको महिनाको आधारमा Standard तथ्याकंमा भरोसा गरी बनाईएको योजनामा भर परी संचालन गरिएको प्राबिधिक तबरले सफल हुन्छ। लुनार क्यालेण्डरमा आधारित सामाजिक चलन र सास्कृति र तोकिएको दिनको महिनाहरू भएको सोलार क्यालेण्डरमा चलाईएको कार्यालयहरू र समाजमा चलाईएको ताः को संयुक्त रुप बाट नै देश ठिक दिशामा संचालित, लाभदायी र प्राबिधिक प्रयोगको एक खुडकिला थपेको बर ाबर हुन्छ।

हार्दिक मंगलमय शुभकामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा ग्राहक वर्ग तथा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, सु–स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

किपू ट्रेडर्स

नयाँबजार, कीर्तिपुर–१७

हार्दिक मंगलमय शुभकामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा ग्राहक वर्ग तथा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, सु–स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

ओवियस वस्त्रालय

लोकतान्त्रिक चोक, कीर्तिपुर–३

फोन ९८४१५६२५२४

राराहिल स्कूल कीर्तिपुरवासीको सम्पत्ति हो – *नारायण महर्जन*

राराहिल स्कुलको संस्थापक प्रिन्सिपल नारायण महर्जन सँगको एकछिनको भलाकुसारी

राजकल राराहिल स्कुलको बारे पत्र पत्रिकामा खुबै चर्चा भइरहेको छ । राराहिल स्कुलको संक्षिप्त परिचय दिनुस ।

– जनआन्दोलन २०४६ सालमा सहादत प्राप्त गर्नु भएका कीर्तिपुर का वीर शहिदहरू राजेन्द्र महर्जन, राजन माली, हिराकाजी महर्जन र लनवहादुर महर्जनको सम्झनामा २०४९ सालमा स्थापना भएको हो। नर्सरी र केजी कक्षाबाट शुरु गरेको थिएँ ।

यो विद्यालय शुरुदेखिनै सार्वजनिक रुपमा स्थापना गर्नु भएको कि नीजि स्कुलको रुपमा ?

– शुरुमा मेरो व्यक्तिगत नाममा २०५० सालमा नीजिस्तरमा दर्ता भएतापनि शुरुदेखि नै सामुदायिक रुपले संचालन हुँदै आएको थियो । २०६१ सालमा व्यक्तिबाट ६ जनाको नीजि गुठिमा दर्ता गरी २०६४ सालमा सार्वजनिक शैक्षिक गुठीमा दर्ता गरी सञ्चालन भैरहेको छ ।

राराहिल स्कुललाई इटालियन हरूले शुरुदेखि नै सहयोग गर्नु भएको हो ?

– सन १९९९ मा लिलावहादुर शाही मार्फत इटालियन नागरिक फाउस्टो डे स्टेफनीसँग सम्पर्क भयो । हाम्रो उद्देश्य, गतिविधि र कार्यक्रमबाट प्रभावित भएर उहाँले सहयोग गरिरहनु भएको छ । सन २००३ मा २ वटा स्कुल भवन र जग्गा खरिद, सन २००७ मा प्रोफेसनल भवन र जग्गा। सन २०१२ मा होस्टेल, क्यान्टिन, किचेन, स्वास्थ्य उपचार भवन, आर्ट भवन र जग्गाको लागि सहयोग गर्नु भएको छ ।

इटालियन नागरिक फाउस्टो डे स्टेफनीबाट वर्षको करोडौं रुपैया सहयोग आउँछ भन्ने सुनेको छु । त्यत्रो सहयोग पाउँदा पाउँदै तपाईंहरूले विद्यार्थीहरू बाट पनि मासिक शुल्क लिइरहनु भएको छ । यो अन्याय भएन र ?

– होइन, यो सरासर झूठ कुरा हो । फाउस्टो डे स्टेफनीबाट वार्षिक रुपमा सहयोग पाउने होइन । उहाँले अहिलेसम्म विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि मात्र सहयोग गर्नु भएको छ। उहाँले सहयोग गर्नु भएको पैसाबाट शिक्षकहरूको तलब, मसलन्द खर्च लगायत अन्य कुनै पनि दैनिक कार्यको लागि एक पैसा पनि खर्च गर्न पाईंदैन । त्यसैले विद्यार्थीहरूसँग मासिक शुल्क उठाउनु परेको हो ।

हुन त केटीको उमेर र स्कुलको फीस नसोध्नु भन्छन । राराहिलले चर्को शुल्क उठाइरहेको छ भन्ने जनगुनासो छ । के यो सत्य हो ?

– होइन, हामीले नेपाल सर कारले तोकेको विद्यालयको श्रेणी अनुसार नै शुल्क लिइरहेको छु । बढी लिएको छैन । हाम्रो स्कुलको जस्तो भौतिक पूर्वाधार र सुविधा नभएका कीर्तिपुरका नीजि विद्यालयहरूले हामीले भन्दा बढी शुल्क लिने गरेका छन ।

राराहिल स्कुलको बस संचालकको नाममा राखेर आर्थिक हिनामिना गरिरहेको छ भन्ने आरोप छ नि ?

– एउटा बस संचालकको नाममा भएपनि उक्त गाडी व्यवहारिक रुपमा पूर्णत: विद्यालयबाट नै उपभोग र प्रयोग हुँदै आएको छ । कसैले रुटमा चलाएर या विद्यालयसँग भाडा लिएर खाएको छैन । यहाँ प्रष्ट हुनुपर्ने कुरा के हो भने राराहिल स्कुल शुरुमा तीन दर्जनभन्दा बढी युवाहरूले आ-आफ्ना नीजि सम्पत्ति राखी खोलेको विद्यालय हो । त्यसैले शुरुमा यो नीजि स्कुलको रुपमा दर्ता भयो । दर्ता भई सञ्चालन भएको एक दशकपछि मात्र बल्ल नीजि गुठी र अन्त्यमा सार्वजनिक शैक्षिक गुठीमा परिणत भयो । त्यसैले यसका केही अचल सम्पत्ति स्कुलको नाममा ल्याउन बाँकी रहनु अस्वाभाविक होइन ।

राराहिल स्कुलको गुठीयार र साथीहरू बीच केही मत भिन्नताहरू छन भन्ने कुरा सुन्नमा आएको छ । के यो सत्य हो ? संचालकहरूमा यसरी मतभिन्नता भयो भने विद्यालयको प्रगतिमा वाधा पर्दैन ?

– एउटै ठाउँमा विभिन्न व्यक्तिहरू बसेर काम गर्दा केही मतभिन्नता त जहाँ पनि हुन सक्छ । हामी गुठीयार, व्यवस्थापन र साथीहरू बीच केही मत भिन्नताहरू छन तर स्कुल बनाउने सवालमा हामी सबै एकमत छौं । त्यसैले त हालसम्मको एसएलसी रिजल्टमा हामी उत्कृष्ट छौं । २०६० सालदेखि अहिलेसम्म विशिष्ट श्रेणी सहित शत प्रतिशत विद्यार्थी उतीर्ण गराउन सफल हुँदै आइरहेका छौं। २०६७ सालको एस.एल.सी. परीक्षामा काठमाडौंको दक्षिण, पश्चिम भेगमा ९२.५० % अंक ल्याई हामी उत्कृष्ट भयौं ।

अहिले राराहिल स्कुलको भौतिक सम्पत्ति कति छ ?

– करिब १३ रोपनि जग्गा सहित ६ वटा भवनहरू छन। यो सम्पत्ति भनेको सिंगो कीर्तिपुरको सम्पत्ति हो। त्यसैले विभिन्न संघ संस्थाले समाजीक कार्यक्रमहरू गर्न आउँछन। हामीले स्थान उपलब्ध गराई सकेको सहयोग गरिदै आइर हेका छौं ।

राराहिल स्कूल विरुद्ध पत्रपत्रिकामा यस्तो समाचार आउनु यो कसैको षडयन्त्र जस्तो लाग्छ। के स्कुलमा त्यस्तो केही गतिविधि भएका छन ?

– हो केही समय अगाडि केही मानिसहरूले विद्यालयमा अस्वाभाविक रुपले धेरै धनराशि चन्दा माग गर्न आएका थिए । विद्यालयले आफ्नो गच्छे अनुसार को मात्र चन्दा दिन सक्ने कुरा बताएपछि उनीहरूले विद्यालय विरुद्ध कुनै पनि कदम चाल्न सकिने धम्की दिएर गएका थिए।

तहारपछि स्कूलनै बन्द गरिदिने धम्की आएको छ भन्छन नि ।

– तिनै अस्वाभाविक रुपले चन्दा माग्ने समूहले धम्की दिएको होला । राराहिल स्कुल कसैको नीजि सम्पति होइन । यो कीर्तिपुरवासीको सम्पत्ति हुन । आफ्नो सम्पत्ति रक्षा गर्न अभिभावकवर्ग, शिक्षकवर्ग र कीर्तिपुरवासीको पूर्ण समर्थन रहने विश्वास लिएको छु । राराहिलले स्थापनाको विगत २० वर्षमा थुप्रै उतारचढावलाई सफलतापूर्वक पार गरिसकेको छ, त्यसैले अहिलेको यो आक्रमणको धम्कीलाई पनि सफलतापूर्वक निश्तेज पार्न सकिनेछ भन्नेमा हामी ढुक्क छौं ।

अन्तमा कीर्तिपुर सन्देश मार्फत केही कुरा भन्न चाहनु हुन्छ कि ?

–शुभ दिपावली २०६९ र नेपाल सम्वत ११३३ नयाँ वर्षको शुभ उपलक्ष्यमा सबैमा मंगलमय हार्दिक शुभकामना दिन चाहन्छु । यस्तो अनर्गलवाजीमा विश्वास नगर्नु हुन सम्पूर्ण कीर्तिपुर वासीमा अनुरोध गर्न चाहन्छु ।

शुभ–कामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

उग्रतारा पोलिक्लिनिक

लोकतान्त्रिक चोक, नयाँ बजार, कीर्तिपुर ३ फोन ४३३२९२८

शुभ–कामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

KIRTIPUR ORAL DENTAL HOSPITAL & RESEARCH CENTRE

पाँगा दोवाटो, कीर्तिपुर १७

हार्दिक मंगलमय शुभकामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण ग्राहक वर्ग तथा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, सु–स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

पद्मकाष्ठपुर डिपार्टमेन्टल स्टोर प्रा. लि.

लोकतानित्रक चोक, कीर्तिपुर–३, फोन ४३३२३३६

(मंगल स्कूल जाने दोवाटो)

पाँचौं कीर्तिपुर नगरपालिका व्यापी वडा बास्केटवल प्रतियोगिता प्रारम्भ

नवीन महर्जन

कीर्तिपुर खेलकुद विकास समाज द्वारा नव वर्ष ने.सं. ११३३, दिपावली तथा छठ पर्वको उपलक्ष्यमा आयोजित कीर्तिपुर नगरपालिका व्यापि पाँचौ वडा स्तरीय बास्केटवल-२०६९ गत कार्तिक २४ गते शुक्रवारदेखि कीर्तिपुर सामुदायिक बास्केटवल कोर्टमा प्रारम्भ भएको छ । समाजका अध्यक्ष प्रदिप महर्जनले यस बास्केटवल प्रतियोगिताको अफिसियल उप समितिका संयोजक बीकुलाल महर्जनलाई बल हस्तान्तरण गरी, त्यसैगरी उपाध्यक्ष पूर्णमान महर्जनले अर्को रेफ्रि इच्छा महर्जनलाई बल हस्तान्तरण गरी उद्घाटन गरिएको थियो । उक्त अवसर मा वडा नं. ३ क क्याप्टेन र ाजन महर्जनले आफ्नो खेलाडिहरूको परिचय दिएका थिए भने वडा नं.२ को तर्फबाट केशव महर्जनले परिचय दिएका थिए । कार्यक्रम समाजका महासचिव नविन महर्जनले चलाएको थियो । डिफेन्डिंग च्याम्पियन वडा ३ क र वडा नं. २ विच भएको उद्घाटन खेलमा वडा नं ३ क ले ५२-३६ स्कोरले जित हासिल गरेको थियो । उक्त खेलमा सुभाष सुवेदीले १५ स्कार ` गरी म्यान अफ दी म्याच भएका थिए अर्थात बढी स्कोर खेलाडी भएका थिए । त्यसैगरी दोस्रो खेल वडा नं १७ र वढा नं.९ विच भएको खेलमा वडा नं.१७ ले ६७-६०को निकै प्रतिस्पर्धा खेलमा जित हासिल गरेको थियो । वडा नं.१७ को लागि सिद्धार्थ महर्जनले सर्वाधिक १८ स्कोर गर ` का थिए । उक्त दिनमै सम्पन्न तेस्रो तथा अन्तिम खेलमा वडा नं.३ ख ले वडा नं.५ लाई ५०-४७ स्कोरले जित दर्ज गरेका थिए । यो खेल पनि निकै प्रतिस्पर्धात्मक भएको थियो ।

दोस्रो दिन अर्थात कार्तिक २५ गते शनिवार पहिलो खेल वडा नं.१२ र वडा नं.५ विच खेल भएको थियो । उक्त खेलमा वडा नं १२ ले ५४-३४ स्कोर ले जीत हासिल गरेका थिए । उक्त खेलमा निमेश महर्जनले २४ स्कोर गरेका थिए । त्यसैगर ी उक्त दिनको दोस्रो खेल वडा नं २ र वडा नं.१ ख विच भएको थियो । उक्त खेलमा वडा नं. २ ले ६२-२८ स्कोरमा जीत हासिल गरेका थिए । उक्त खेलमा वार्ड नं २ का निकेश महर्जनले सर्वाधिक २१ स्कोर गर ` को थियो । अन्तिम खेलमा वडा नं. ९ ले वडा नं. १६ लाई ६८-५५ स्कोरले जित हासिल गरेका थिए । उक्त खेलमा वडा नं.९ का सुरज महर्जनले २० स्कोर गरेको थियो ।

गत कार्तिक २६ गते विहान पहिलो खेल वडा नं. ख र वडा नं ३ क विच खेल भएको थियो । उक्त खेलमा वष नं. ३ क ले ..... स्कोरले जित हासिल गरी समूह क बाट विजेता भई क्वाटर फाइनलमा पुग्न सफल भएको छ। त्यसैगरी दोस्रो खेल वडा नं ३ ख र वडा नं.१२ विच भएको थियो । उक्त खेलमा..... उक्त दिन दिउँसो पहिलो खेल वडा नं. १६ र वडा नं.१७ विच भएको थियो भने दोस्रो खेल वडा नं. १ क र वडा नं.४ विच भएको थियो । यसरी आइतवार सम्म सम्पूर्ण लिगचरणका खेल सम्पन्न भैसकेको छ ।

यस पाँचौं की.न.पा.व्यापी वडास्तरीय वास्केटवलमा जम्मा ११ टिम सहभागी भएका थिए जस्लाई चार समूहमा विभाजित गरी लिगको आधारमा खेल खेलाइएका थिए । समूह क मा वडा नं.१ ख र वडा नं.२ र वडा नं. ३ क रहेको थियो भने समूह ख मा वडा नं.३ ख, वडा नं. ५ र वडा नं. १२ थियो । त्यसैगरी समूह ग मा वडा नं १ क र वडा नं ४ मात्र दुई टिम थिए । समूह घ मा वडा नं.९ वडा नं.१६ र वडा नं.१७ परेका थिए । आ-आफ्नो उत्कृष्ट प्रदर्शन गरी समूह क बाट वडा नं.३ क र ....., समूह ख बाट वडा नं.३ ख र १२, समूह ग बाट वडा नं. १ क र समूह घ बाट १७ र .... क्वाटर फाइनलमा पुग्न सफल भएको थियो। यो प्रतियोगिताको क्वाटर फाइनल खेल कार्तिक २७ र २८ गते सञ्चालन हुने छ भने सेमिफाइनल खेल मंसिर १गते र शनिवार २ गते फाइनल खेल हुने आयोजकले जनाइएको छ।

बास्केटवल खेल विकासको लागि कीर्तिपुरले ठूलो योगदान गर्दै आएको छ। यहाँ वडा स्तर ीय, स्कुल स्तरीयको साथै अन्य क्लबस्तरीय प्रतियोगिता नियमित रुपमा हुँदै आएको छ।

यसै खेललाई व्यावसायिक रुपमा खेलाडि, प्रशिक्षक र अफिसियल भै काम गरेका धेरै साथीहरू छन । यसै कुरालाई जिवन्त बनाउन गत कार्तिक २३ गते विहिवार अन्तर्राष्ट्रिय प्रशिक्षक दिनेश चन्द्रको घरमा एक छलफल कार्यक्रम भएको थियो। उक्त छलफलमा कीर्तिपुर मा यस वास्केटवल खेललाई संस्थागत गर्न यसबारे नयाँ नयाँ योजना बनाई कोष समेत खडा गर्ने निर्णय गरेका थिए र अहिले लाई यहाँका खेलप्रेमीहरू विच छलफललाई नियमित गर्ने समेत निर्णय गरेका थिए । छलफलमा बास्केटवल सम्बन्धित २ दर्जन भन्दा बढी प्रशिक्षक, खेलाडि र अफिसियल हरूको उपस्थिति थियो ।

शुभ–कामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

बि.एम. टेलर्स

नयाँ बजार, कीर्तिपुर ३ फोन ४३३० २६३

हार्दिक मंगलमय शुभकामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण ग्राहक वर्ग तथा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, सु–स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

R.B. FLOORING & FURNISHING

नयाँबजार, कीर्तिपुर, फोन ४३३१०३८
नगाउँ दोवाटो, फोन ४३३६३८९

हार्दिक मंगलमय शुभकामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण ग्राहक वर्ग तथा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, सु–स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

कीर्तिपुर टेलर्स

पांगा दोवाटो, नयाँबजार, कीर्तिपुर–१७, फोन ४३३०२१६

सांस्कृतिक बाजा वितरण तथा सम्मान

नेवाः सांस्कृतिक प्रतिष्ठानले कीर्तिपुर नगरपालिका वडा नं. १ स्थित दरवार क्षेत्र अर्थात लाय्कूमा नेवाः संस्कृतिक संग्रहालय स्थापना गरिएको छ। सो अवसरमा दाफा तथा सांस्कृतिक गुरुहरूलाई सम्मान समेत गरिएको थियो। यसै क्रममा गत शनिवार लाय्कूमा कीर्तिपुरका सांस्कृतिक समूहहरूलाई सांस्कृतिक बाजा वितरण गरिएको थियो। सो क्रममा कुन कुन समूहलाई के के बाजा वितरण गरिएको हो नामावलि सहित प्रस्तूत छ।



कीर्तिपुर लाय्कू स्थिति नेवाः संस्कृतिक संग्रहालयमा प्रदर्शनमा राखिएका नेवाः सांस्कृतिक बाजाहरूको एक झलक।

वितरण गरिएका सांस्कृतिक बाजा र समूहहरू

१) गःछैं : खिं
२) थांबहाः खिं
३) इताछैं ह्वाकुंचा : पश्चिमा
४) बाघभैरव भजनः हार्मोनियम
५) तःननि : खिं
६) भरयां पुखू : हार्मोनियम
७) चिलंच्च : धाः
८) तुंभ्वः भूस्याः
९) म्वानत्वाः बासुरी
१०) गुतपौ भजन : नगरा
११) चाफः भूस्याः
१२) कुतुभ्वः ताः र बबुचा
१३) पाघु नाय्खिं खलः नाय्खिं
१४) बाहिगां : भूस्याः
१५) ध्वाकासि : बासुरी
१६) भाजंगः दाफाः खिं
१७) नगां धिमे खलः धिमे
१८) सागः खिं
१९) कुतुसाः (साय्मित्वाः) धाः
२०) कुतुसाः धिमे खलः धिमे
२१) समल दाफाः खिं
२२ द्यःध्वाखाः धिमे र भूस्याः

हार्दिक मंगलमय शुभकामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा समस्त शेयर सदस्य महानुभावहरू, सदस्यज्यूहरू एवं सम्पूर्ण जनसमुदायमा दीर्घायु, सु–स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं

बाघ भैरव वचत तथा ऋण सहकारी संस्था लि.
नयाँबजार, कीर्तिपुर–१७, फोन नं.
४३३०२३६, ४३३३९२८

हार्दिक मंगलमय शुभकामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा ग्राहक वर्ग तथा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, सु–स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

इजी रेष्टुराँ
नयाँबजार, कीर्तिपुर–३
फोन ९८४९४२१९४७

हार्दिक मंगलमय शुभकामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा ग्राहक वर्ग तथा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, सु–स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

बाघभैरव नेवारी खाजा घर
नयाँबजार, कीर्तिपुर–३
फोन ४३३२६०६, ९८४१२७९०३१

नेपाली भाषाको माध्यमवाट नेपालभाषा सिकौं

नेपालभाषा बोल्न जान्ने पाठकहरूलाई नेपालभाषा लेख्न अप्ठ्यो मानिहेकोले व्याकरण सम्बन्धि ज्ञान हासिल गर्न चाहेकोले डा. तुयुवहादुर महर्जनद्वारा लिखित स्वाध्यायन नेपालभाषा पुस्तकबाट साभार गरी यहाँ प्रस्तुत गरिएको छ - संपादक

२ नाम

२.२ एकवचन र बहुवचन

नाम शब्दको अगाडि संख्यावाचक शब्द आएमा त्यो नाम शब्द वहुवचन हुँदैन ।

जस्तै -

नीप्यघौया छन्हु जुइ – चौबीस घण्टाको एकदिन हुन्छ ।

न्हयन्हुया छवाः जुइ – सात दिनको एकहप्ता हुन्छ ।

भिंनिलाया दछि जुइ – बाह्रमहिनाको एक वर्ष हुन्छ ।

यहाँ नीप्यघौको घौत (घण्टाहरू, न्हयन्हुको न्हुत (दिनहरू), भिंनिलाको लात (महिनाहरू) हुँदैन । नाम शब्दको अगाडि परिमाणवाचक शब्द आएमा त्यो नाम वहुवचन गर्न आवश्यक छैन,

जस्तो –

जिगु छेँय् यक्व सफू दु – मेरो घरमा धेरै पुस्तक(हरू) छन् ।

वया छेँ आपाः जहान दु – उसको घरमा धेरै परिवार(हरू) छन् ।

यहाँ सफू-को सफूत, जहान-को जहानत गर्नु आवश्यक छैन । यसै गरी नाम शब्दलाई दोहऱ्याएर अथवा द्वित्व प्रयोग गरेर बहुवचनको अर्थमा प्रयोग गरिन्छ । यसको मतलव सोही वस्तु धेरै होइन कि त्यो र त्यो जस्तो अरू वस्तुसमेत जनाउँछन्, जस्तै –

ल्वगिं जा-जि छुं नं मनः –बिरामीले भात-सात केही पनि खाएन ।

फ्वगिंया छेँ-छि छुं हे मदु – मगन्तेको घर-सर केही पनि छैन ।

यहाँ जा-जि (भात-सात)को अर्थ भात र भातजस्तै अन्य खानेकुराहरू जस्तै दाल, तरकारी, अचार इत्यादि बुझिन्छ । यसै गरी छेँ-छिँ (घर-सर)मा पनि घरजस्तै बस्ने, सुत्ने टहरो, छाप्रो, पाटी पौवा इत्यादि अर्थ जनाउँछन् ।

यसै अर्थमा –

सिँसा – काठसाठ । कुसाकासा – छातासाता । ध्यबाधिबा– पैसासैसा ।

सफूसिफू– पुस्तकसुस्तक । पसपिसः –पसलससल । लासालिसा –ओछ्यानसोछ्यान ।

कापःकिपः – कपडासपडा । पुसापासा– बिर्कोसिर्को । तिसातासा – गहनासहना ।

२.३ विभक्ति :–

नामको विभक्तिबारे छलफल गर्दा दीर्घ ईकारान्त, दीर्घ ऊकारान्त, औकारान्त शब्दको अन्तमा शिरविन्दु भएका, विसर्ग भएका र हलन्त-य् भएका नाम शब्दको विभक्ति बेढङ्गबाट गएकाले त्यसको छुट्टै छलफल गरिने छ । उपरोक्त विवरण वाहेक नियमित रूपमा जाने विभक्ति रूपहरू हेरौं । (माथि बक्समा हेर्नुहोला)

मिलन स्टुडियो

चाँडै खोल्दैछ

डिजिटल फोटो प्रोसेस

(कलर ल्याब)

अमल्सि नयाँ बजार कीर्तिपुर, फोन नं. ४३३०१२४

कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्थाद्वारा निकट भविष्यमै लिफ्ट, सुरक्षा तथा यथेष्ठ पार्किङ्गसहित सञ्चालन गर्न लागेको आधुनिक सुविधा सम्पन्न आफ्नै व्यापारिक भवन (कीर्तिपुर मल) मा व्यवसाय गर्न बुकिङ्ग खुल्ला गरिएको छ ।

पहिलो भवन (३२०० वर्ग फिट)

- भुइ तल्ला र पहिलो तल्लामा कीर्तिपुर बहुउद्देश्यीय सहकारीको आफ्नै डिपार्टमेन्टल स्टोर
- दोस्रो तल्लामा सहकारीको नगद काउन्टर कार्यालय
- तेस्रो र चौथो तल्लामा विभिन्न मेशिनरी, इलेक्ट्रिक, कम्प्यूटर तथा मोबाइल, कपडा तथा टेलरिङ्ग, फ्लोरिङ्ग तथा फर्निसिङ्ग र फर्निचर सम्बन्धी पसलहरू
- पाचौं तल्लामा (Roof top) रेष्टुराँ

माथि उल्लेखित तेस्रो, चौथो र पाँचौ तल्लामा छुट्टै योजनासहित पनि सम्पर्क राख्न सक्नु हुनेछ । भाडा दर आपसी समझदारीमा कायम गरिनेछ । पहिला आउनेलाई प्राथमिकता दिइनेछ । साथै हाल सहकारी कार्यालय सञ्चालन भैरहेको भवनलाई पनि प्रयोगमा ल्याउन प्रस्ताव आह्वान गरिन्छ ।

थप जानकारीका लागि

कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.

कीर्तिपुर–१७, नयाँबजार ।

०१४३३०६०९/ ४३३५५५१

शुभ–कामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कृष्णहरी महर्जन

अध्यक्ष

नेपाः राष्ट्रिय पार्टी

कीर्तिपुर नगर समिति

हरेक अंक विशेष अंक

कीर्तिपुर सन्देश साप्ताहिक

'कीर्तिपुरका हरेक विषय, तपाईको विज्ञापन, सुचना, सन्देश घर घरमा पुऱ्याउने हाम्रो अभियानमा सहभागी बनौं'

प्राचिन मोबाईल निकुञ्ज प्रा. लि. नगाउँ/पांगा दोवाटो

'COLORS, SPICE र NOKIA को आधिकारिक विक्रेता'

कुनै पनि ब्राण्डको मोबाईल मर्मत गर्नुपर्ने भएमा हामीलाई सम्झनुहोस ।

सम्पर्कः ४३३३२५७, ४३३५२९१

शुभ दिपावली२०६९ एवं नेपाल सम्वत ११३३ नयाँ वर्षको उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्ग एवं शुभचिन्तकहरूमा मंगलमय शुभकामना

किपू वुक प्वाइण्ट

कीर्तिपुर, नयाँबजार–१७, फोन ४३३१७७५

शुभ दिपावली तथा नेपाल संवत् ११३३ नयाँ बर्षको शुभकामना

Maharjan Tailoring Center

Among The Best Tailoring
Naya Bazar, Kirtipur, KTM
Phone no.Office 4335205, Res 4331463
Services:- Coat, Suiting, Shirting,T-Shirts,
Trousers, Tract, Jacket, Jeans and many more

Ugratara Unique Polyclinic &Diagnostic Center Pvt.Ltd

Kirtipur-3, Nayabazar, Loktantric Chowk
Phone no.01-4332928
Our Service:- Specialist Dr.counseling, OPD,Pharmacy, VideoX-ray, X-rayEcg, Aurued, Medicine, Physiotherapy,Orthopedic, Facilities etc.

ब्लू हेवन टेलर्स

डिल्लीबजार, पिपलबोट
फोन ९८४१८५०६३६
पाँगा, कीर्तिपुर फोन ४३३१९८९
सर्टिङ्ग, सुटिङ्ग, टेलरिङ्ग एण्ड नेपाली ड्रेसको लागि सम्झनु होस ।

ज्वःज्वलपा क्याटरिङ्ग एण्ड रेण्टल सर्भिस

कीर्तिपुर, नयाँबजार प्रो. हरिकुमार महर्जन
फोन ९७४११२९९२६, ९८४९७३९३७३
हाम्रा सेवाहरूः- विवाह, ब्रतवन्ध, पिकनिक, पास्नी, सेमिनार, बर्थ डे तथा सम्पूर्ण शुभ कार्यको लागि हामीलाई सम्झनुहोस । साथै मेच, पाल, कुक, जेनेरेटर चाहिएमा सम्पर्क राख्नुहोला ।

यूनिक डिजिटल फोटो ल्याब

कीर्तिपुर, नयाँबजार
फोन नं. ४३३३१०७

लूक शुज सेन्टर

कीर्तिपुर १७, नयाँबजार
फोन ९८४२७५५६५८

नविन फर्मा

पाँगा दोवाटो, कीर्तिपुर–१७
फोन ०१४३३४४९३

Virgin Liquid Suppliers

नयाँ बजार, कीर्तिपुर
फोन ९८४१७२१८४०

पाँगा महिला समूहद्वारा निशुल्क आँखा शिविर सम्पन्न

विश्व मधुमेह दिवस २९ कार्तिकको अवसरमा तिलगंगा आँखा अस्पतालको सहयोगमा पाँगा महिला समूहद्वारा आयोजित निशुल्क आँखा शिविर गत कार्तिक २५ गते शनिवार पाँगा मा.वि.मा सम्पन्न गरियो ।

मधुमेह रोगीहरूको लागि आँखा शिविर भनेपनि सर्वसाधारणको आँखा पनि परिक्षण गरिएको थियो । उक्त अवसरमा तिलगंगा आँखा अस्पतालबाट मधुमेह सम्बन्धि पर्चा वितरण गरी सर्वसाधारणलाई सचेत गराइएको थियो । उक्त पर्चामा लेखिएको छ ।

मधुमेह रोग के हो ?

शरीरको प्याक्रियाजबाट निस्कने इन्सुलिन (Insulin) नामको ग्रन्थिरसको कमी भएर वा यसले गर्नुपर्ने काममा रोकावट आएर रगतमा ग्लुकोजको मात्रा बढ्नुलाई मधुमेह भनिन्छ ।प्राय: ४५ वर्ष माथिका व्यक्तिलाई देखा पर्ने यो रोगलाई कुनै उमेर तथा लिंगको छेकवार भने छैन । यो वंशानुगत तथा धेरै मोटो, शारीरिक व्यायाम कम गर्ने व्यक्तिलाई बढी देखा पर्दछ । धेरै पिसाव हुने, तिर्खा ज्यादै लाग्ने, राम्ररी खाना खाए पनि दुब्लाउँदै जाने, बराबर घाऊखटिरा आउने तर छिटो निको नहुने, बेहोश हुने जस्ता लक्षणहरू यस रोगमा देखा पर्न सक्दछन् । स्वास्थ्य परिक्षण गरेर रगतमा ग्लुकोजको मात्रा यस रोगको निदान गर्न सकिन्छ ।

मधुमेहले आँखामा पार्ने असरहरू :

मधुमेहले शरीरका महत्वपूर्ण अंगहरू जस्तै स्नायु, मृगौलाका साथै आँखामा विभिन्न जटील समस्याहरू निम्त्याउँछ । पटक पटक आनो (Stye) आउने, आँखा सुख्खा हुने (Dry Eye), छिटो-छिटो चस्माको पावर परिवर्तन हुने, मोतिविन्दु छिटो देखा पर्ने, जलविन्दुको संभावना बढि हुने लगायत आँखाको पर्दा (Retina) मा गम्भिर असर पार्दछ । जसलाई डाइबेटिक रेटिनोपेथी (Diabetic Retinopathy) भनिन्छ। यसले अन्त्यमा मानिसलाई अन्धो पनि बनाउनसक्छ । एक तथ्याङ्क अनुसार संसारमा १२ प्रतिशत अन्धोपन यही कारणले हुने गरेको पाईएको छ ।

मधुमेहले मुख्यत: आँखाको पर्दाको रक्तसंचारमा प्रभाव पार्दछ । मधुमेहको राम्रो नियन्त्रण नहुँदा ग्लुकोजको मात्रा बढ्न गई रेटिनाका रक्तकोशिका हरू (Capillaries) मा प्रतिकुल असर पर्दछ । जसले गर्दा पर्दाको दृष्टि केन्द्रमा सुजन (Macular Oedema) तथा रक्तश्राव (Retinal Hermorrhage) हुनगई दृष्टि कमजोर हुन्छ । यदि समयमै उपचार नभएमा नयाँ रक्तकेशिकाहरूको विकास भई अत्यधिक रक्तश्राव हुने तथा अन्त्यमा पर्दा उप्किन तथा खुम्चिन गई दृष्टि सदाका लागि गुम्न सक्छ । यो समस्या केही समय पछि मधुमेहका प्राय सबै रोगीहरूमा देखा पर्दछ ।

मधुमेहका कारणले हुने अन्धोपनबाट बच्न अपनाउनु पर्ने सावधानिहरू:–

चिनी रोग ९द्वयियम क्गनबच० लाई सधैं नियन्त्रणमा राख्नुपर्दछ ।

मधुमेहको रोग पहिचान हुनासाथ र त्यसपछि कम्तीमा वर्षमा एक पटक नियमित आँखा परिक्षण गराउनु पर्दछ अन्यथा आँखा देख्न कम भएपछि मात्र अस्पताल आउँदा मधुमेहले आँखामा धेरै गम्भीर असर पारि सकेको हुन सक्छ जसले गर्दा दृष्टि बचाउन गाह्रो पर्नसक्छ ।

मधुमेहले मृगौलामा असर गरि सकेको भए नेत्र विशेषज्ञको सल्लाह अनुसार नियमित आँखा परिक्षण तथा उपचार गराउनु पर्दछ ।

अत: रगतमा चिनीको मात्रालाई नियन्त्रणमा राखी रोगको गम्भिरता अनुसार समयमै आँखाको उपचार गर्न सकेको खण्डमा धेरै हदसम्म दृष्टि बचाउन सकिन्छ ।

अन्यमा आँखाको ज्योति सधैको लागि गुम्ने निश्चित छ ।

भिंतुना

नेवा: राज्य पलिस्था यायेगु निंति न्ह्यज्याये फयेमा धका: सकल नेपा:मिपिन्त नेपाल सम्वत ११३३ न्हूदँया भिन्तुना देछ्ना च्वना ।

रविना इलोक्ट्रोनिक्स

प्रो. रमेश कुमार महर्जन

नयाँबजार, पाँगा जाने बाटो

नयाँ शो रूम खुल्यो

CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं ।

युनिक टेलर्स

नयाँबजार, फोन ४३३१०७८

हार्दिक मंगलमय शुभकामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण ग्राहक वर्ग, शेयरधनी महानुभावहरू, सदस्यहरू तथा शुभ चिन्तकहरूमा दीर्घायु, सु-स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भिजन कीर्तिपुर

बचत तथा ऋण सहकारी संस्था लि

नयाँबजार, टाउनप्लानिङ्ग, कीर्तिपुर–१७, फोन ४३३६२३७

शुभ दिपावली एवं नेपाल संवत् ११३३ नयाँ बर्षको शुभ कामना सहित

स्नातक तह व्यवस्थापन (BBS) तथा शिक्षा संकाय (B.Ed) तर्फ नयाँ भर्ना खुल्यो ।

विभिन्न छात्रवृत्तिहरूको व्यवस्था पनि छ ।

सम्पर्क

मङ्गल बहुमुखी क्याम्पस

कीर्तिपुर,फो.नं.४३३०५४४/४३३५५६०

शुभ दिपावली तथा नेपाल संवत् ११३३ नयाँ बर्षको शुभकामना

शिला इन्टरप्राइजेज
(कीर्तिपुर ढुवानी सेवा
प्रो. शिब शंकर महर्जन
हनुमानघाट कीर्तिपुर, फोन ४३३३१२९

न्यू एस.एन.ब्रदर्श
हार्डवेयर सेन्टर
प्रो. सुनिल महर्जन
हनुमानघाट कीर्तिपुर, फोन ४३३३९६७

विन्दु ढुवानी सेवा
प्रो. प्रयाग महर्जन
हनुमानघाट कीर्तिपुर,
फोन ४३३५४५६ मो. ९८४१२०६०८५

भिक्टोरिया ट्रेड लिंक
प्रो.राम श्रेष्ठ
पाँगा रोड, नयाँबजार, कीर्तिपुर
फोन ४३३३१२९
होलसेल मूल्यको पसल,

विनिता अटो पार्टस
प्रो. विजयलाल महर्जन
पाँगा दोबाटो, भाजंगल जाने बाटो
नयाँबजार, कीर्तिपुर,
फोन ९८४१२६०६३८

आर.बी. नेवारी खाजा घर
एण्ड ममः सेन्टर
पाँगा दोबाटो, भाजंगल जाने बाटो
नयाँबजार, कीर्तिपुर,फो.९८४१८५०५६७
होम डेलिभरिको पनि व्यवस्था छ ।

हिरा सप्लायर्स एण्ड
इन्टरप्राइजेज
चीखु, टाउनप्लानिंग, फोन ९८५१०९००७७
निर्माण सामग्रीको लागि सम्झनुहोस

शाक्य ज्वेलर्स
कीर्तिपुर, नयाँ बजार
फोन ४३३४६६५, ४३३२६१०
हामी कहाँ विभिन्न डिजाइनका तयारी गहनाका साथै अर्डरको गहनाहरू पनि बनाईन्छ ।

हार्दिक मंगलमय शुभकामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण ग्राहक वर्ग तथा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, सु–स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

BAGHBHAIRAB DIGITAL COLOUR LAB

लोकतान्त्रिक चोक, नयाँबजार, कीर्तिपुर–३,
फोन ४३३२५६९

नेपाली कांग्रेसद्वारा विभिन्न कार्यक्रम

जनआन्दोलन २०४६ को कमाण्डर गणेशमान सिंहको ९७ औं जन्मदिवसको उपलक्ष्यमा कार्तिक २४ गते हुने सभाको प्रचार प्रसार गर्ने क्रममा कार्तिक २२ गते नेपाली कांग्रेस कीर्तिपुर नगर समितिले लोकतान्त्रिक चोकदेखि पाँगा दोबाटोसम्म जुलुस प्रदर्शन गरी एक कोणसभाको आयोजना गरियो । उक्त कोणसभामा ने.वि.सं.का केन्द्रिय सदस्य मोती भण्डारी, नेपाली कांग्रेसका स्थानीय नेता राममान सिंह र नेपाली कांग्रेस कीर्तिपुर नगर समितिका सभापति कृष्णमान महर्जनले सम्बोधन गर्नु भएको थियो । वक्ताहरूले राष्ट्रिय सहमतिको सरकार बनाउनु पर्ने, विधिको शासन हुनुपर्ने, महंगी, भ्रष्टाचार नियन्त्रण गर्नु पर्ने र भारतीय पक्षले गरिरहेको सीमा अतिक्रमण तुरुन्त बन्द गर्नु पर्ने लगायतका माग राखेका थिए ।

गत कार्तिक २५ गते नेपाली कांग्रेस कीर्तिपुर नगर समितिले गणेशमान सिंहको ९७ औं जन्मदिवसको अवसरमा चियापान तथा रक्तदान कार्यक्रम नगाउँ दोबाटोमा सम्पन्न गरियो ।

गणेशमान पुत्र एवं नेपाली कांग्रेसका महामन्त्री प्रकाश मान सिंहको प्रमुख आतिथ्य र नगर सभापति कृष्णमान डंगोलको सभापतित्वमा भएको उक्त सभामा "सहमतिय सरकार बनाई देशलाई असफल राष्ट्र हुनबाट बचाउन अवैधानिक बाबुराम सरकारको खारेजीको लागि ने.का.लगायत विपक्षी दलले गर्न लागेको आन्दोलनमा कीर्तिपुरवासीले सदाझै सहयोग गर्ने आशा रहेको प्रकाश मानले बताउनु भयो ।

त्यसपछि भएको रक्तदान कार्यक्रममा व्यापक सहभागीता रहेको थियो । जसमा

हार्दिक मंगलमय शुभकामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण ग्राहक वर्ग तथा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, सु–स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

Kirtipur Hillsde

Hotel & Resort

नयाँबजार, कीर्तिपुर

हार्दिक मंगलमय शुभकामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण ग्राहक वर्ग तथा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, सु–स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

BETTER

COLLECTION

नयाँबजार, कीर्तिपुर–१७, फोन ४३३१९२७

कीर्तिपुर एक प्राचीन शहर

बिनोद श्रेष्ठ

'नेपालको प्राचीन र ऐतिहासिक शहरहरू मध्ये कीर्तिपुर पनि एउटा महत्वपूर्ण शहर हो। यो शहर उपत्यकाको चक्रपथबाट छुट्टिएर काष्ठमण्डपदेखि सात किलोमिटर नैऋत्य कोणमा अवस्थिति छ। यसको सबैभन्दा उँचो भाग समुन्द्र सतहदेखि १४१८ मिटर उचाइमा पर्दछ। कीर्तिपुर डाडो पूर्व पश्चिम करिब १४०० मिटर लम्बिएर रहेको छ।'१ 'नेवारहरूको बाक्लो बस्ती भएको यस ठाउँमा ई.सं. २००३ को जनगणना अनुसार यहाँ ४३,००० जनसंख्या रहेको छ।'२

कीर्तिपुरमा बसोबास गरि रहेका गोपाल अर्थात् गोठालाहरुको बस्तीको एक जना नेप नाउँ भएको गोठालाको गाई मार्फत् श्री पशुपतिनाथ फेला परेको कुरा वंशावलीहरुमा उल्लेखित भएबाट आजकालको कीर्तिपुर उपत्यकाको अति प्राचीन मानिन्छ भनेर भुवनलाल प्रधानज्यूले "कीर्तिपुरको स्थापना" कीर्तिपुरमा गोपालवंशीदेखि नै बस्ती बस्दै भनि शीर्षक दिई कीर्तिपुर स्वोभिनियर, ई.सं. १९९९, कीर्तिपुर जेसिसद्धारा निकालिएको पुस्तकमा उल्लेख गर्नुभएको छ।

कीर्तिपुरमा गोपालवंशीदेखि नै बस्ती बस्दै आएको भएपनि लिच्छविकालसम्म यो ठाउँ चारैतिर जङ्गलले घेरिएर बीचमा देवस्थल रहेको धार्मिक स्थलको रुपमा मात्र रहन पुग्यो। त्यतिबेला तिर यो जङ्गलको एउटा पात पनि कीर्तिपुरको डाँडा कटाएर बाहिर लगेमा फेरि त्यो पात फर्केर यहि जङ्गलमा आइपुग्छ भन्ने किम्बदन्ती थियो। यहि कारणले गर्दाखेरि मल्लकालिन समयमा बनेको घरहरूको मूल ढोकामा समेत ताल्चा लगाउने चलन थिएन पछि घरको मूल ढोका खोल्नको लागि फलामको घुमाउरो दण्डीको सहायताले बाहिरबाट ढोकाको प्वालबाट सजिलैसँग बन्द गर्न र खोल्न मिल्ने गरि बनाएको थियो। अहिले आधुनिक किसिमको घर हरूले गर्दा यस किसिमको नेवारीपन झल्कने झिङ्गतेको घरहरू पनि लोप नै हुने अवस्थामा पुगिसकेको छ।

जङ्गलको बीचमा बस्ती बसाएको हुनाले यो ठाउँलाई गुँदे पनि भनिन्छ। लिच्छवीकाल पछि राजा शिवदेव (१०९९(११२६ ई.सं.) ले यहाँको भुवनावट सुहाँउदो किसिमको शहर सम्पन्न बनाइ दिएको हुनाले उनको कीर्तिलाई स्मरण गरी "कीर्तिपुर" भनेर नामाकरण गरिदिएको कुरा शुक्र सागर श्रेष्ठज्यूले "कीर्तिपुरको सांस्कृति र पुरातात्त्विक इतिहास"मा उल्लेख गर्नुभएको छ। त्यसपछि यस ठाउँमा विभिन्न समयमा शिवदेव, देवरत, शिवरत, अरिमल्ल र ज्ञान प्रजा मल्ल आदि राजाहरूले शासन गरेको कुरा इतिहास विद्हरूले उल्लेख गरेको पाइन्छ। जसको कारणले गर्दा खेरि यहाँ यस ठाउँमा कला, सांस्कृति जात्रा, पर्व, देव, देवालय, चैत्यहरूको विकास हुनुका साथै यहाँ बसोबास गर्नेहरूको जिवनस्तरमा पनि विकास भएको थियो। मल्लकालतिर आइपुग्दा नेपालको व्यापारको एउटा प्रमुख नाका कीर्तिपुर पनि पर्दथ्यो।

नेपाल अधिराज्य भरि नै भैरवको मन्दिरहरू मध्ये उत्कृष्ट नमुनाको रुपमा कीर्तिपुरको डाँडाको बीच भागमा रहेको बाघ भैरवको तिन तल्ले प्यागोडा शैलीको मन्दिरलाई लिइन्छ भने उक्त मन्दिरमा कुदिएको भित्ते चित्रलाई पनि प्राचीन चित्रहरू मध्ये मानिन्छ। बाघ भैरवको मन्दिर कतिवेला देखि बनेको भन्ने कुरा इतिहासविद्हरू बीचमा मत भिन्नता रहेको पाइन्छ। 'कीर्तिपुरको इष्ट (मुख्य) देवता भएको हुनाले भाद्र १ गते "बाघभैरब" जात्राको दिनमा यहाँका बासिन्दाहरूले धुमधामका साथ मनाउने गर्दछ। कीर्तिपुरको प्रमुख मुख्य देवताको नाताले अन्य कुनै कार्य हुदाँ पनि यो देवताको निमित छुट्टै पूजा पठाउने चलन छ।'३ यो देवताको पूजा गरेमा मनोकामना पुरा हुने जनविश्वास रहेको छ। मन्दिरको उत्तर तर्फबाट काठमाडौ र पाटन उपत्यकाको मनोरम दृष्य अवलोकन गर्न सकिन्छ। कीर्तिपुरको हिन्दु र बौद्ध धर्मालम्बिहरूले यस बाघ भैरब देवतालाई खुब मान्ने गर्दछ। यस्तै कीर्तिपुरको अर्को प्रसिद्ध ठाउँ कीर्तिपुरको डाँडाको पूर्वपट्टि टुप्पोमा चिलन्चो देवल छ। 'राजा अशोकले पाटनमा चारथुरको स्थापना गरिसकेपछि कीर्तिपुरमा र पाटनको पिं वहालमा दुरुस्त सबै मिल्ने गरि दुवै ठाउँमा चिलन्चो देवलको स्तुपा निमार्ण गरिएको थियो।'४ त्यसपछि यहाँ कीर्तिपुरमा बौद्ध र हिन्दुहरूको धार्मिक सहिष्णुता बढेर गएको छ। यस्तै अर्को प्रसिद्ध ठाउँ कीर्तिपुरको पश्चिम डाँडाको टुप्पोमा उमा महेश्वरको प्यागोडा शैलीको तिन तल्लाको मन्दिर अवस्थित छ। 'यो मन्दिर ने.सं. ७७५ (इ.सं. १६५५) मा निर्माण गरिएको हो। मन्दिर भित्र उमा महेश्वरको मूर्ति प्रतिष्ठापन गरिएको छ। मन्दिरको वरिपरि विभिन्न मूर्तिहरूले गर्दा यस ठाउँ रमणिय छ।'५ कीर्तिपुरको उच्च भागमा रहेको हुनाले यहाँबाट उत्तरतिर काठमाडौ, पूर्वतिर चोभार, चिलन्चो, पाटन आदि र दक्षिणतिर चम्पादेवी र धिनाच्चो डाँडाको सुन्दर रमणिय दृष्य अवलोकन गर्न सकिन्छ। कीर्तिपुर डाँडाको प्रमुख धार्मिक स्थलको रुपमा यि तिनवटा मन्दिर बाघ भैरब मन्दिर, चिलन्चो विहार र उमा महेश्वरको मन्दिरलाई विशेष प्राथमिकता साथ लिइन्छ। 'कीर्तिपुर डाँडाको फेदमा पूर्वपट्टि ई.सं. १९७५ मा थाइल्याण्डको सहयोगमा"नगर मण्डप श्री कीर्ति विहार" बनेको छ। जुन थेरावदी बौद्ध धर्मको रुपमा विकास गरेको छ। यहाँ बुद्ध जिवनसँग सम्बन्धित चार प्रमुख स्थलहरू जस्तै लुम्बिनी, बौद्धगया, सारनाथ र कुशीनगरको स(सानो मन्दिरहरू स्थापना गरिएको छ।'६ यस्तै गरेर पश्चिमतिर तिब्बतको सहयोगमा तिब्बतियन गुम्बा निमार्ण गरिएको छ। कीर्तिपुर वरिपरि पोखरीहरूले घेरिएको थियो। तर यी पोखरीहरू एकपछि अर्को गर्दै लोप हुँदै गइरहेकोछ। त्यस्तै गरी कीर्तिपुरको वरिपरि १२ वटा तीर्थस्थालको नाममा ढुङ्गे धारा र बुगाँ (कुँवा) हरूले कीर्तिपुर लाई घेरिएर रहेको छ। पछिल्लो समय आजभन्दा अगाडी लगभग ३० वर्ष अघिसम्म पनि कीर्तिपुरको सोह्रखुट्टे पाटीको पछाडि रहेको कुवाको जल लिएर कीर्तिपुरको बासिन्दाहरूले ललितपुरको रातो मछिन्द्रनाथको जावलाखेलको जात्रामा देवतालाई जल चढाउन जाने प्रथा थियो तर अहिले यो चलन पूर्ण रुपमा लोपनै भइसकेको छ।

उपत्यकामा मनाउने विभिन्न चाडपर्वहरू पनि कीर्तिपुरसँग विशेष सम्बन्ध गाँसेको पाइन्छ। ललितपुरको जावलाखेलमा रातो मछिन्द्रनाथको जात्रा (भोटोजात्रा) हुनु भन्दा चारदिन अगाडी त्यहाँको पुजारीले कीर्तिपुरको प्यङ्ग था: भन्ने टोलमा रहेको एउटा घरमा विवाह नगरेकी छोरी मान्छेलाई आजसम्म पनि निमन्त्रणा दिन आउने गरेको छ (कीर्तिपुरको कुटुम्भोल टोलमा बस्ने वर्ष ७२ को चिरीमै महर्जनज्यू सँगको छलफलबाट)। जुन प्राचीनकाल देखि अहिलेसम्म यो चलन चलिआइरहेको पाइन्छ। काठमाडौको इन्द्रजात्रा तिर नचाउने लाखेलाई आज सम्म पनि गुँने च्वम्ह लाखे भनेर भनिन्छ। जुन उपत्यकाको सुरक्षाको निम्ति भनेर पछि काठमाडौको मंजिपातमा नै राखेको छ। मल्लकाल भन्दा अगाडी सम्म गुँने भनेर कीर्तिपुरलाई नै उल्लेख गरेको कुराहरू इतिहास विद्हरूले उल्लेख गरेको छ। त्यसैले त्यो लाखेलाई कीर्तिपुरको लाखें हो भनी अनुमान मात्र गर्न सकिन्छ। यसको लागि गहिरो अध्ययन र अनुसन्धान नगरिकन यसै हो भन्न सकिदैन। कीर्तिपुरमा अहिलेसम्म पनि लाखे पालो बस्ने भनेर कीर्तिपुरको इन्द्रायणी (सात गाउँको) जात्रामा देवढोकामा पालो बस्ने गरेको छ। 'यसरी लाखे पालो बस्दा खेरि त्यतिबेला त्यहाँ कुमारी देवताको (कन्या बालिकाको) पूजा गरेर कुमारीलाई भात खुवाउने चलन छ। यस कार्यलाई स्थानीयहरूले कुम्ब: जा नकीगु भनेर भन्ने गर्दछ।'७ कीर्तिपुरको हृवाँकन्चामा कुमारी चोक भनेर एउटा चोक छ। जुन अहिले त्यस चोकको भगनावशेष मात्र बाँकी रहेको छ। 'राजा जय प्रकाश मल्लले जिवीत कुमारीको रथ जात्रा गर्नु भन्दा अगाडि नै कुमारीको पूजा गर्ने चलन थियो।'८ प्राचीनकालमा कीर्तीपुरमा जिवीत कुमारीको पूजा गर्ने चलन चलेको थियो भन्ने अनुमान गर्न सकिन्छ। जुन अहिले पूर्ण रुपमा लोप नै भइसकेको छ। विश्वभरि नेपालीहरूलाई वीर गोर्खाली भनेर चिनिन्छ। पृथ्वीनारायण शाहले एकीकरण गर्ने क्रममा कीर्तिपुर माथि आक्रमण गर्दा खेरि भारतबाट तालिम लिएर आएका गोर्खालीहरूसँग कीर्तिपुरको नारीहरूले पुरुषको भेष बदलेर विरतापूर्वक लडाँई लडेर जितेको कुराले कीर्तिपुरको नारीहरूको वीरङ्गता दर्शाएको कुराहरू विभिन्न इतिहास विद्हरूले उल्लेख गरेको छ। जसको श्रय भारतमा झाँसीकी रानी भनेको जस्तै कीर्तिपुरकी रानी भनेर "इन्द्र लक्ष्मी" लाई लिन सकिन्छ। (देवढोका टोलमा बस्ने वर्ष ८८, पूर्ण लाल महर्जन (झेल्ला) सँगको छलफलबाट) पछि कीर्तिपुरको रानीको रुपमा "कीर्तिलक्ष्मी" भनेर उपनाम दिएर सम्मान गरेको पाइन्छ।

मल्लकालमा कीर्तिपुरको कुमाले (प्रजापति) हरूले बनाएको माटोको भाडो उपत्यकाका विभिन्न ठाउँ काठमाडौ, ललितपुर र भक्तपुर सम्म प्रख्यात थियो। अहिले माटोको भाडो बनाउने कार्य लोप नै भैइसकेको छ। (पागु टोल बस्ने वर्ष ९२ को गंगामान नकर्मीज्यू सँगको छलफलबाट) पछिल्लो समयमा यि कुमालेहरूले माटोको भाडो बनाउने कार्य छोडेर अरू विभिन्न कार्यहरू अपनाएर जिवीकोपार्जन गरेको छ। यसरी पछिल्लो समयमा कीर्तिपुरमा मान्छेहरूले आ(आफ्नो पुर्खेली पेशा अपनाउन छोडेर आफ्नो जात नै परिवर्तन गर्दै महर्जन, श्रेष्ठ, श्रेष्ट आदि विभिन्न जातमा परिणत गरेको पनि पाइन्छ।

'ने.सं. ६४५ मा पाल्पाका मगर राजा मणि मुकुन्द सेनले कीर्तिपुर माथि हमला (युद्ध) गर्दा खेरिको परिणाम त्यतिबेला देखि नपाकेको धानको कालो चामल (हाकु वा) र मुलाको सागको गुन्द्रुक कीर्तिपुरबाट नै शुरुवाट भएको हो।'९ जुन अहिले नेपाली खाजा भनेर गुन्द्रुक अहिले विश्वभरि प्रख्यात रहेको छ।

बाँकी १४ पेजमा

शुभ–कामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

एम.आर.टेलरिंग सेन्टर

कीर्तिपुर सपिंग सेन्टर नयाँ बजार, कीर्तिपुर ३

शुभ–कामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

युनिक कम्प्युटर एजुकेशन

पाँगा दोवाटो कीर्तिपुर फोन ९८४१२७१८२५

कीर्तिपुर एक प्राचीन शहर

यसरी कीर्तिपुर एक प्राचीन शहर भएर पनि यसको कला र संस्कृतिको विशेष महत्व आजसम्म पनि रहँदै आएको छ ।

कुनै पनि देशको मेरुदण्ड भनेको नै, त्यो देशको कला र संस्कृतिलाई लिने गर्दछ। कला र संस्कृतिको विकास भएमा मात्र त्यो देशको विकास हुने गर्दछ। कला र संस्कृतिको कारणले गर्दा हाम्रो देशको चिनारी र पहिचान विश्वभरि उकृष्ट नमुनाको रुपमा रहन गएको छ। हाम्रो देश कला र संस्कृतिको धनी देश मानिन्छ।

वि.सं. २०१३ सालमा त्रिभुवन विश्वविद्यालयले अधिकरण गरेपछि कीर्तिपुरमा मनाउँदै गरेको जात्रा र चाडपर्वको विभिन्न गुठीहरूको जग्गा समेत पर्न गई यि जात्रा र चाडपर्वहरू मनाउन कठिनाई हुन गएको अनुमान गर्न सकिन्छ । कति जात्रा र चाडपर्व मनाउने गुठीको जग्गाहरू व्यक्तिगतको नाम गरेर बेचेर खाइसकेको पाइन्छ। जसको कारणले गर्दा खेरि यि जात्रा र चाडपर्वहरू एकपछि अर्को गर्दै लोपनै हुने स्थितिमा पुगीसकेको छ।

वि.सं. २०५४ देखि कीर्तिपुरको विकास गर्ने काम कीर्तिपुर नगरपालिकाको काँधमा आइपुगेको छ। कीर्तिपुरको विकास गर्ने हो भने कीर्तिपुर नगरपालिकाद्धारा नै चासो देखाउनु पर्दछ । नत्र कीर्तिपुरको विकास गर्न असम्भव नै भइसकेको छ।

उपत्यकाको विभिन्न नगरपालिकाहरू जस्तैः काठमाडौ, ललितपुर र भक्तपुरको नगर पालिकाहरूमा कला र संस्कृतिको विकासको लागि छुट्टै बजेट वार्षिक रुपमा छुट्याएर त्यहाँको कला र संस्कृतिको प्रचुर मात्रामा विकास गर्दै लगेको पाइन्छ। त्यस्तै गरी कीर्तिपुर नगरपालिकामा पनि कीर्तिपुरको वार्षिक बजेटमा पनि कला र संस्कृतिको लागि वार्षिक रुपमा छुट्टयाउने गर्दथ्यो।

जुन बजेट कीर्तिपुरको कला र संस्कृतिको विकास गर्नको लागि केहि मात्रामा पुग्दथ्यो । तर कीर्तिपुर नगरपालिकाले कला र संस्कृतिको महत्व नबुझेर हो कि दुर्भाग्यवंश ती बजेट वि.सं. २०५६/५७ पछि कटौती नै गरेपछि भने कीर्तिपुरको कला र संस्कृतिको विकास गर्न कठिनाइ हुन पुगेको छ ।

यसरी वार्षिक रुपमा नै कला र संस्कृतिको लागि छुट्टयाउने गरेका बजेट नगरपालिकाद्धारा कटौटि गरेपछि कीर्तिपुरको कला र संस्कृति फेरि संकटमा पर्न गएको अनुमान गर्न सकिन्छ।

कीर्तिपुर नगरपालिकाद्धारा कीर्तिपुरको नगरबासीहरूलाई सेवा र सुविधा प्रदान गर्नुपर्ने र कीर्तिपुरको कला र संस्कृतिको विकास गर्दै लग्नुपर्ने हो तर यी कुराहरूलाई बढि ध्यान नदिएको कार ण कीर्तिपुरका नगरबासीहरूले दुःख पाउनुका साथै यहाँको कला र संस्कृतिलाई जोगाएर राख्न पनि मुस्किल पर्न गइसकेको अनुमान गर्न सकिन्छ।

जसको कारण कीर्तिपुरको कतिपय जात्रा र चाडपर्वहरू लोप हुने अवस्थामा पुगेपछि यसलाई बचाइ राख्नको लागि कीर्तिपुरको दाफा बाजाखलक र बुद्धिजीविहरू मिलेर "कीर्तिपुर सांस्कृतिक जात्रापर्व व्यवस्थापन समिति, कीर्तिपुर २०६२" गठन गरेर कीर्तिपुरमा हुने हरेक जात्रा चाडपर्वहरूको नियम बनाएर कीर्तिपुरको टोल(टोलहरू मिलेर पालैपालो गरी मनाउँदै आइरहेको छ।

यो समितिले कीर्तिपुर नगरपालिकासँग आर्थिक सहयोग मागेर मात्र नपुगेर विभिन्न कार्यलयहरूबाट पनि चन्दा र सहयोग मागेर जिउतिउ चलाउनु पर्ने बाध्यता हुन पुगेको छ। कीर्तिपुरको जात्रा, चाडपर्व, कला र संस्कृतिहरू जोगाउन केही मात्रामा पुग्ने बजेट कीर्तिपुर नगरपालिकाले पुन सक्रिय गरिदियो भने कीर्तिपुरको कला र संस्कृतिको विकासमा टेवा पुग्नेछ भनि आशा गर्दछु।

नेपाल सम्वंत ११३३ को उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

सन्दर्भ ग्रन्थ सूची

१, ५ र ९ – श्रेष्ठ, शुक्रसागर, कीर्तिपुरको संस्कृति र पुरातात्विक इतिहास, कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०५७, पृ १,९ र ४७।

८– श्रेष्ठ, हरिप्रसाद, नेपालको इतिहास र संस्कृति एक झलक, विराटनगरः भुवन प्रकाशन, वि.सं. २०४६, पृ १७२ ।

४– ओल्डफिल्ड, एच.ए, स्केचेस फ्रम निपाल, ई.सं. १८१८ भोलुम १ र २ बाट ।

२ र ६– के.सी., तृष्णा, "कीर्तिपुर अ गोलोरियस टाउन", नेपाल ट्रावल एण्ड ट्रेड रिपोट, भोलुम ८, ई.सं. २००४, पृ(२२ ।

३- महर्जन, श्रीकृष्ण, "किपुमितय् आजुद्यः बाघभैरब" लकस प्रकाशन प्रा.लि. वि.सं. २०६३ ।

७– महर्जन, श्रीकृष्ण, "किपुया इन्द्रायणी जात्रा" किपू, न्हूजः साँस्कृतिक पुचः ने.सं. ११२३, पृ १६ ।

प्रधान, भुवनलाल, "कीर्तिपुर स्वभिनियन" कीर्तिपुर जेसिस, इ.सं. १९९९ बाट ।

शुभ–कामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण ग्राहक वर्ग तथा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, सु–स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

स्वयम्भु क्याटरिङ्ग एण्ड टेन्ट सर्भिस

नयाबजार कीर्तिपुर फोन ४३३०२६४

शुभ–कामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कीर्तिपुर इन्जिनियर समाज

नयाँ बजार, कीर्तिपुर ३

शुभ–कामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अमल्सि सुधार समाज

नयाँ बजार, कीर्तिपुर ३

शुभ–कामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ए टु जेड मोबाइल रिपेर सेन्टर

पाँगा दोबाटो नयाँ बजार, कीर्तिपुर ३

शुभ–कामना

नेपाल संवत् ११३३ एवं शुभ दीपापली २०६९ सालको पावन अवसरमा सर्म्पूण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कृतिश मेडिकल हल

नयाँ बजार चोक, कीर्तिपुर, फोन ९८४९९७९१३८

महानगरीय प्रहरी प्रभाग कीर्तिपुरद्वारा च्याली र वस्ती भेटघाट कार्यक्रम

गत कार्तिक २५ गते शनिवार विहान महानगरीय प्रहरी प्रभाग कीर्तिपुरले अपराधमुक्त र सुरक्षित समाजको लागि वस्ती भेटघाट तथा अन्तरक्रिया कार्यक्रम गरियो ।

नयाँबजारस्थित बास्केटवल कोर्टको चौरमा कीर्तिपुरमा क्रियाशील पासापुचः युवा क्लब, नयाँवजार क्लब र अमृतनगर नागरिक समाज र अन्य सर्वसाधारणले सहभागिता जनाएको भेलाको उद्घाटन कीर्तिपुर नगरपालिकाका कार्यकारी अधिकृत रामलाल श्रेष्ठले ब्यानरको उद्घाटन गर्नुभइ च्यालीको शुरुवात गर्नु भएको थियो । खेलकुद मैदानबाट शुरु भएको च्याली नयाँबजार परिक्रमा गरी प्रहरी प्रभाग कीर्तिपुर खासी बजारमा पुगी अन्तरक्रियामा परिणत भएको थियो ।

अन्तरक्रिया कार्यक्रममा गत कार्तिक ३ गते भएको २५ बुँदे सहमतिको कार्यान्वयन बारे छलफल भएको थियो । प्रहरी सकृयताको कारण यसपाली दशैंको अवसरमा हाईस बस दुर्घटनाबाट दुईजनाको निधन भएको बाहेक अन्य कुनै ठूलो सडक दुर्घटना नभएको, कुतपित, झैंझगडा र चोरी डकैती नभएको जानकारी दिइयो । यस्तै किसिमले आउने तिहार पर्व पनि शान्ति पूर्वक बिताउन प्रहरी सक्रियता बढाउनु पर्नेमा जोड दिइएको थियो ।

उक्त अवसरमा प्रहरी प्रभाग कीर्तिपुरले जनचेतनाको लागि एक पर्चा पनि वितरण गरिएको थियो । जसमा अनुरोध गरिएको छ ।

– नगद तथा बहुमुल्य गरगहना भरसक घरमा नराख्नुहोस्

–आफ्नो टोलमा सेक्युरिटी गार्ड वा सेक्युरिटी अलार्मको व्यवस्था गर्नुहोस ।

–बैंक तथा बित्तिय संस्थामा रकमको कारोबार गर्न जाँदा आफ्नो विश्वासिलो मान्छेलाई साथमा लिएर जानुहोस ।

–बहुमुल्य गरगहना लगाई एक्लै एकान्तमा तथा साँझ विहानको समयमा हिँडडुल नगर्नुहोस ।

– टोल छिमेकमा शंकास्पद बस्तु तथा शंकास्पद व्यक्ति देखिएमा नजिकको प्रहरीलाई खबर गर्ने बानी बसाल्नुहोस ।

–अपरिचित व्यक्तिहरूलाई घरमा प्रवेश गर्न नदिने र शंका लागेमा प्रहरीलाई खबर गर्ने बानी बसाल्नुकहोस् ।

–धम्कीपूर्ण फोन आएमा रेकर्ड गर्न मिलेसम्म रेकर्ड गरी उक्त फोन नंबर समेत प्रहरीलाई उपलब्ध गराउनुहोस ।

–आफ्नो वरिपरिको झाडी फाँड्ने र सडक बत्तिको व्यवस्था मिलाउनुहोस ।

–रातको समयमा घरको भ्याल ढोका राम्रोसँग बन्द गर्ने बानी बसाल्नुहोस् ।

–घरभाडामा बस्ने व्यक्तिसँग स्पष्ट परिचय खुल्ने कागजपत्र र अन्य विवरणहरू संलग्न गरी राख्नुहोस ।

– कसैमाथि हुँदै गरेको घटनामा रमिते नबन्नुहोस । भोलि आफू र आफन्त माथि पनि त्यस्ता घटना घट्न सक्छन ।

लगायतका अनुरोधहरू रहेका छन ।

अमल्सी सुधार समाज कीर्तिपुर अमल्सीले दिपावली तथा नेपाल सम्वत ११३३ को शुभ अवसरमा गत कार्तिक २५ गते शनिवार विहान शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रमको आयोजना गरियो ।

अमल्सी सुधार समाजको चियापान

टोलका जेष्ठ नागरिक द्वारिका महर्जनले पानसमा बत्ती बाली उद्घाटन गर्नुभएको थियो । समाजका अध्यक्ष ज्ञानेश्वर महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा नानी शोभा शाक्यले स्वागत मन्तव्य दिनु हुँदै नेपाल सम्वतको बारे चर्चा गर्नु भएको थियो ।

नयाँबजार अमल्सी क्षेत्रको सडक पेटी, बजारलाई व्यवस्थित गर्न सो समाज गरिएको थियो ।

दर्शनले बोनस बाड्ने

दर्शन वचत तथा ऋण सहकारी संस्था लिमिटेड कीर्तिपुरले आफ्ना शेयर धनिहरूलाई बोनस बाँड्ने भएको छ । गत कार्तिक १८ गते भनेको सहकारीको कार्यसमिती वैठकले सो निर्णय गरेको हो ।सहकारीले आफ्नो दोस्रो वार्षिक साधारण सभा आगामी मंसिर १६ गते शनिवार गर्ने निर्णय पनि गरेको छ । सोही साधारण सभाको दिन आफ्ना समस्त शेयर धनिहरूलाई बोनस बाँडिने सहकारीका अध्यक्ष दिनेश दर्शनाधिकारीले बताउनु भयो । ३५ प्रतिशत क्यास बोनस र २० प्रतिशत शेयर बोनस गरी जम्मा ५५% बोनस वितरण गरिने पनि दर्शनाधिकारीको भनाई थियो । यो वर्ष सहकारीले शेयर पुँजी ८ लाखबाट बढाएर १ करोड पुऱ्याउने लक्ष्य लिएको छ ।दर्शन वचत तथा ऋण सहकारीमा खाता खोल्ने प्रत्येकलाई मोबाईल उपहार स्वरुप दिइने योजना पनि दीर्घकालीन रहेको छ । सो मोबाईलको प्रायोजन दर्शन मोविकेयर प्रा.लि.ले गरेको हो ।

नेपाल सम्वत व म्ह पुजा

निपु कविता
रामभक्त महर्जन 'रमझम'
अमल्सि न्हूबजाः किपू

स्वन्ति वल म्हपुजा त्यल
न्यंकभनं झलमल स्वां व्हल
सुर्द्योया जलं न्हूगु सम्वत हल
नेपाःया सम्वत नेपाल सम्वत वल

सकलया कुतलं सम्वत म्वाकल
भिन्तुना ज्वज्वलपे लसकुस धाल
हर्ष उल्लासं सुभाय् देय् छ्याल
चकनां नेपाःया न्हूगु ख्वाः हिल

क्रान्तिया ज्वाला तच्वया बिल
एकताया बल अमर अटल जुल
लसतां नेपाःमिया मन स्वां व्हल
नेपाल सम्वत छ्याल हय् माल ।

नेपाल संवत

नेपाल सम्वत राष्ट्रिय सम्वत
हनेगु तःजिक सम्वत यात
धिसिलाक सदां धस्वाका तय्त
नेपाःया भी नेपाःमि जुया च्वनेत

शंखधर साख्वा राष्ट्रं हंकातुं तय्त
त्यासां मुक्त जूगुया ब्वला पूवंकेत
महा हनेगु अभ जायेत ल्वायेत
नेपाल संवत् छ्यलाबुला याकेत

भी म्वाना च्वनागुया सार खंकेत
लिमच्यूसे न्हयाबलें न्हयचिलेत
क्वतुक्क छप्पँ छधी जुया शक्ति छ्यलेत
नेपाल संवत् सदां ल्यंकातयेत

न्हूदँया लसताय्

गणेशलाल महर्जन

नेपाल स्वयागु खः नेपाल संवत् नं वयागु खः
मखु धकाः चिलीम्ह नेपाली मखु वन ॥ध्रु॥

नेपालया चां बूगु थीथी जातिया बुसा फुक्कं
नेपाल व नेपालीया सम्पत्ति व गौरब खः ॥च॥

पशुपन्छि हे जूसां खःसा राष्ट्रया न्हाय् तःम्ह
हनेमाः वइत नं राष्ट्रं महापुरुष कथं ॥च॥

थःथःगु थाय् हवयेका धिसिलाक्क राष्ट्र न्हयाकेत
हक अधिकार काये हे माः बिइ हे माः सकसितं ॥च॥

न्हूदँया भिंतुना व इनाप थ्व हे सकलसितं
याकनं संघीयतां राष्ट्र सुख शान्ति हवयेकेत ॥च॥

कीर्तिपुरवासीको आराध्यदेव बाघभैरवको मूर्ति पुनः निर्माणको क्रममा ललितपुर हात्तिवनवाट ल्याएकोचाँडीको मुखाकृति गत कार्तिक २४ गते सांस्कृतिक बाजागाजा सहित कीर्तिपुरमा भित्राउदै एक झलक ।

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

नेपालभाषा ——— नेपाली भाषा

(क) अकर्मक क्रिया भएको वाक्यमा कर्तामा विभक्ति चिन्हहरू हुँदैन । जस्तो :-
राम थन वल- राम यहाँ आयो ।
मनूत अन वन-मानिसहरू त्यहाँ गए ।
सिमा ग्वःतुल- रूख ढल्यो ।
कथि कुतुंवल- लट्ठी खस्यो ।
सकर्मक क्रिया भए कर्ताको अन्तमा शिरविन्दु आउँछ, जस्तै :–
रामं जा नल-
रामले भात खायो ।
खिचां ला नल–
कुकुरले मासु खायो ।
पुलिसं खुँयात ज्वन –
पुलिसले चारलाई समात्यो ।
गथुं स्वां खात –
मालीले फूल टिप्यो ।
यदि बहुवचन भयो भने शिर विन्दु होइन-तय्सं हुन्छ । अनि मान्नुपर्ने व्यक्तिहरू भए-पिंसं हुन्छ जस्तै :–
खिचातय्सं ला नल –
कुकुरहरूले मासु खाए ।
मनूतय्सं जा नल –
मानिसहरूले भात खाए ।
पुलिसतय्सं खुँ ज्वन –
पुलिसहरूले चोर समाते ।
गथुतय्सं स्वां खात –
मालीहरूले फूल टिपे ।
मान्यजन भए : –
गुरुपिंसं ज्ञान बिल –
गुरुहरूले ज्ञान दिए ।
द्यःपिंसं वा वय्कल –
देवताहरूले पानी पारे ।
गुरुजुपिंसं पाठ ज्वन –
गुरुजुहरूले पाठ पढे ।
(ख)कसैले कसैलाई केही गर को वा केही दिएको अर्थमा प्रयोग गर्दा-यात हुन्छ, जस्तैः
रामं श्यामयात सःतल –
रामले श्यालाई बोलायो ।
दाजुं किजायात ध्यबा बिल–
दाजुले भाइलाई पैसो दियो ।

हैन त ?

–निरज

गणतन्त्रमा आन्दोलन

हामी अहिले संघिय लोकतान्त्रिक गणतन्त्रमा छौं। २०६२/०६३ सालमा सातदल र तत्कालिन नेकपा माओवादीको संयुक्त आन्दोलन भएको थियो जुन आन्दोलन राजा ज्ञानेन्द्र शाहको विरुद्ध थियो। राजा ज्ञानेन्दले एकदलिय सोच राखी लोकतन्त्र विरुद्ध चालिएको कदमको विरुद्ध आन्दोलन भएको हुँदा नेपाली जनताले नेताहरुलाई साथ दिएका थिए। तर आज ती दलहरु एक आपसमा झगडामा छन्, आन्दोलनमा छन्। नेपाली जनताले सोचेका थिएन कि यो पाँच छ वर्षमा नेताहरु यति नालायक हुन्छन् , गन्हाउँछन, स्वार्थी हुन्छन् र संविधान विहिन, शान्ति विहिन बनाउँछन, जहातही भ्रष्टाचार, पाजेरो र चिकनचिल्लिमा रमाउँछन् भनेर। जनतालाई न नयाँ संविधान दिन सक्यो न स्थायी शान्तिको आभास दिन सक्यो, न समयमा बजेट दिन सक्यो न जनताको जनजीवीकामा कुनै परिवर्तन गर्न सक्यो। त्यसैले गणतन्त्रमा फेरि नयाँ आन्दोलन आवश्यक भएको छ।

लाग्न सक्छ अव आन्दोलन के को लागि ? गणतन्त्रमा पनि आन्दोलन, लोकतन्त्रमा पनि आन्दोलन, प्रजातन्त्रमा पनि आन्दोलन, निरंकूश पंचायततन्त्रमा आन्दोलन राणाशासनमा पनि आन्दोलन, आखिर आन्दोलन पछि के पाउँछ जनताले सोच्ने बेला भएको छ। आन्दोलनपछि शासनमा बस्ने व्यक्तिमात्र फेर्ने, आन्दोलनपछि तन्त्रमा परिवर्तन हुने, आन्दोलनपछि नेतामात्र पृथक हुने तर शिलस्वभावमा कुनै नवदलिने, भ्रष्टाचारमा कुनै नियन्त्रण नहुने, सम्पति, जग्गाजमिन, धन दौलत र शक्ति एक व्यक्तिबाट अर्को व्यक्तिमा पर्न जाने मात्र हो भने आन्दोलनको औचित्य सावित गर्नु पर्दछ।

आज बाबुराम, हिजो माधव नेपाल, झलनाथ, प्रचण्ड, शेर बहादुर , गिरिजा, कृष्णप्रसाद भटराई सम्म नियाल्दा जनताले के नयाँपन, सजिलोपन, जनतालाई राहत, विकासमा फड्को मार्ने काम के भयो भन्ने लेखाजोखा पनि गर्नै पर्दछ। व्यक्ति विशेषले के कति फाइदा लिइयो। को सरकारमा बसियो, को प्रतिपक्षमा बसियो भन्ने कुरा प्रमुख हैन।

ब्यंग सन्देश

सरब कुमार महर्जन

अव फेरि तिहार लगतै विपक्ष आन्दोलनमा सरकार पूर्ण बजेट ल्याउने तयारीमा रहेको देखिन्छन् सर कार जसरी पनि पूर्ण बजेट ल्याइ आफनो अनुकूल शासन गर्ने र विपक्ष जसरी पनि सरकार अपदस्त गराउने खेलमा लागेपछि जनता फेरि समस्यामा पर्ने अवस्था बनेको छ। जनता आफै आन्दोलनमा उठेर सरकार र प्रतिपक्षलाई राम्रो पाठ नसिकाइकन अव जनताले निकास पाउने अवस्था छैन। जनता आन्दोलनमा उठने अवस्थामा गणतन्त्रको संस्थागत विकास गर्न सहयोग हुनेछ। जनताले साँच्चै आन्दोलनमा उठेमात्र नयाँ संविधान र स्थायी शान्ति पाउन सक्छ। नत्र जनता सधैं जनतामात्र हुनेछ, जनतामाथि कुनै नयाँ पुराना शासक आएर शासन गरिरहन्छ।

तिहारमा अव नेताहरूकहाँ गइ द्यौउसी, भैलो खेलेर सेलरोटी पैसा माग्ने भन्दा नयाँ संविधान चाहियो भैलिनी, संविधान चाहियो द्यौउसी रे , शान्ति चाहियो द्यौउसी रे, सुशासन चाहियो द्यौउसी रे भनेर खेल्ने बेला भइसक्यो । प्रधानमन्त्रीकहाँ गएर राजीनामा चाहियो द्यौउसी रे, नयाँ बजेट चाहियो द्यौउसी रे भनेर गाउने नाच्ने बेला पनि हो। राजनीतिक दलका कमिटी, समिति, जनवर्गिय संगठनहरूले कमाउन, संघसंस्थाहरूले धन आर्जन गर्न द्यौउसी भैलो खेल्ने चाडको रुपमा पनि रहेको तिहार फूल र फलहरू बेच्ने किन्ने चाड पनि हो। हाम्रो संस्कृति, परम्परा सहज रुपले सरल रुपले मनाऔं, सबैलाई भिन्तुना।

कीर्तिपुरमा रक्त संकलन केन्द्रको स्थापना हुने

कीर्तिपुर, काठमाडौं उपत्यका भित्र चक्रपथ वरिपरी स्वास्थ्य सेवा पुऱ्याउने विभिन्न अस्पतालको स्थापना भइ आम नेपालीहरूको स्वास्थ्य सुधारका क्षेत्रमा योगदान पुऱ्याइरहेको अवस्थामा संम्बन्धित अस्पतालहरूमा हुने विभिन्न प्रकारका अपरेशनमा विरामी र घाइतेहरूको जीवन बचाउनका लागि आवश्यक पर्ने रगतको सुलभ प्राप्तीका लागि काम गर्ने उद्देश्यले नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर उपशाखाले दीर्घकालिन योजना अन्तरगत कीर्तिपुरमा रक्त संचार सेवाको स्थापना र विकास गरी सेवा पुऱ्याउने लक्ष्य राखेको छ। यसैलाई मध्य नजर राखी तत्कालै कीर्तिपुरवासीहरूलाई आवश्यक परेको समयमा तत्कालै रगतको आपुर्ति गर्न स्वयंसेवी रुपमा रगत दान गर्न सक्ने स्थानको रुपमा खासीवजारस्थित आफ्नै कार्यालय भवनमा यही आउने २०६९ मार्ग २ गते शनिवारदेखि रक्त संकलन केन्द्रको स्थापना गरी कार्यक्रम संचालन गर्न गइरहेको छ। यस रक्त संकलन केन्द्रको स्थापना पश्चात यस क्षेत्रमा क्रियाशिल सरकारी तथा गैर सरकारी संघसंस्था, क्लव, व्यक्तिहरूले रक्तदान कार्यक्रम संचालन गर्न वा यसै केन्द्रमा आई रक्तदान गर्न सक्ने व्यवस्था पनि यस रक्त संकलन केन्द्रले गरिने छ। यस रक्त संकलन केन्द्रद्धारा हाललाई हप्तामा शनिवार, मंगलवार र विहिवार गरी ३ पटक विहान ९ देखि ११ बजेसम्म रगत संकलन गर्ने छ। यस केन्द्रको भौतिक सुविधाका सबै पक्षहरू पूर्ण रुपमा तयार भएपछि निकट भविश्यमानै यसै केन्द्रद्धारा रगतको परिक्षण, समूहको विभाजन, एचआइभी परिक्षण जस्ता कार्य गरी निशुल्क रगत वितरण गरिने छ। नेपाल रेडक्रस सोसाइटी, कीर्तिपुर उपशाखाद्धारा संचालन गर्न गइरहेको यस रक्त संकलन केन्द्रलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक पर्ने आर्थिक, भौतिक तथा सकारात्मक सुधारका लागि सुझावहरू उपलव्ध गराउन सबै कीर्तिपुरवासीहरूमा यस उपशाखा हार्दिक अपिल तथा अनुरोध पनि गरिन्छ।

२०६९ मार्ग २ गते शनिवार विहान ८ बजे हुने कार्यालय र रक्त संकलन केन्द्र स्थापना उदघाटन कार्यक्रममा कीर्तिपुर उपशाखासंग आवद्ध सबै साधारण सदस्य र आजिवन सदस्यहरू उपस्थितिका लागि पनि हार्दिक निमन्त्रण गरिएको सूचना प्राप्त भएको छ।

–आकर्षण प्रधान

शुभकामना

शुभ दिपावलि २०६९ र नेपाल सम्वत ११३३

न्हूदँया शुभकामना ।

लेखा अधिकृत सानुबाबु परियार

कीर्तिपुर नगरपालिका

देवढोका, कीर्तिपुर

शुभकामना

शुभ दिपावलि २०६९ र नेपाल सम्वत ११३३

न्हूदँया शुभकामना ।

बरिष्ठ ई. बालकृष्ण महर्जन

कीर्तिपुर नगरपालिका

देवढोका, कीर्तिपुर

शुभकामना

शुभ दिपावलि २०६९ र नेपाल सम्वत ११३३

न्हूदँया शुभकामना ।

ई. कृष्णभोला महर्जन

कीर्तिपुर नगरपालिका

देवढोका, कीर्तिपुर